गुण रत्नमाला

पं. जगन्नाथ उपाध्याय गुरागाईं

गुण रत्नमाला

(काव्य)

जगन्नाथ उपाध्याय गुरागाईं

साहित्यरस

साहित्यरस

www.sahityaras.com

यस ईपुस्तकमा समावेश भएका लेख तथा अन्य सामग्रीहरू "प्रतिलिपि अधिकार ऐन, २०५९" अनुसार नेपालमा प्रतिलिपि अधिकार मुक्त रहेको विश्वास गरिएको छ। उक्त सामाग्रीहरू नेपालमा रहेका जोसुकै व्यक्तिले बिना कसैको अनुमति निःशुल्क प्रयोग गर्न स्वतन्त्र छन्। नेपाल बाहेक अन्य देशका व्यक्तिले त्यस देशको प्रतिलिपि अधिकार कानुन जाँच गरी, प्रतिलिपि अधिकार मुक्त भए मात्र प्रयोग गर्नुपर्छ।

तल उल्लेखित सर्तहरू बाहेक अरू केही प्रतिबन्धहरू नराखी साहित्यरसद्वारा यो ईपुस्तक निःशुल्क रूपमा उपलब्ध गराएको छ। यो ईपुस्तक पुनः वितरण गर्न प्रेरित गरिन्छ।

सर्तहरू–

(१) यो ईपुस्तकमा रहेका लेख तथा सामग्रीहरू परिमार्जन गरि सहित्यरसकै नाममा पुनः वितरण गर्न नपाइने।

(२) यो ईपुस्तक हुबहु रुपमा व्यावसायिक उद्देश्यका निम्ति प्रयोग गर्न नपाइने।

यस ईपुस्तकका लेखको प्रथम प्रकाशित मिति : वि.सं. xxxx

ईपुस्तकको स्रोत

प्रकाशक : मञ्जरी पब्लिकेशन

संस्करण : पहिलो २०७३

ISBN :

About this ebook edition

Originally created as epub

Created : 2026-02-25, 16:28:51 UTC

Latest minor Correction : 2026-02-25, 16:28:51 UTC

Sahityaras ebook id : 20260225162851

Cover art

Vishnu

Unknown artist, 1730

Please visit www.sahityaras.com for latest corrected version of the ebook.

स्वयंसेवकद्वारा सञ्चालित यस सहित्यरस परियोजना तपाईं जस्ता पाठकहरूमा निर्भर छ। फेला परेका त्रुटि या अरू केही सुधार वा गुनासाहरू www.sahityaras.com मा पेश गर्नुहुन अनुरोध छ।

विषयसूची

चर्पट मञ्जरी

दशावतार स्तुति

मनुष्य–जन्म

आलस्यका दोष

प्रश्न–उत्तर

सत्पुरुषका गुण

तेजिलो हुन सिक !

उद्योगी बन !

धर्म गर !

धर्मको फल

सत्यवादी बन

प्रतिज्ञा पाल !

दु:खीको उपकार गर

न्यायले धन बढाऊ !

धनको सती

उद्योग सिद्ध नभएमा सन्तोष मान

मूर्खलाई रिझाउन सकिँदैन

पश्चात्ताप ! (पछुतो)

तत्त्व विचार

हाम्रो शरीर कस्तो हो ?

विषय विचार

नाता पक्ष

इष्टमित्र

धनदौलत
मनको दुर्गति
विषय पन्साउने उपाय
इन्द्रिय वश गर्ने उपाय
मन रोक्ने उपाय
वैराग्य वा सन्तोष
चित्त–शुद्धि
श्रीकृष्णचन्द्रको भक्ति गर्ने विधि
श्रीरामचरित्र
मातृ वियोग
अष्टोत्तरशतः नामावलिः

चर्पट मञ्जरी

भज नारायण! भज नारायण! भज नारायण! सज्जन हो!
मर्नु छ निश्चय भोलि कि पर्सी यहि छ सहारा उस दिनको ॥

क्षण पल घरि दिन रात बिहाना,
घरि घरि नाम र भेष बिराना।
काल जमाउँछ खेल तमाशा,
आयु घटे, तर घट्तिन 'आशा' ॥१॥ भज नारा०

देह छ नाङ्गो कपडा छैनन्;
अँजुली बाहिक बर्तन छैनन्।
भिख गरि खान्छन् रुखमनि बस्छन्;
तर पनि आशैतिर मन लान्छन् ॥२॥ भज नारा०

जब तक धनको लाउँछ धारो,
तब तक सबले मान्छ पियारो।
वृद्ध हुँदा जब बल टुटि जाला;
बन्ला घरमै सबको हाला ॥३॥ भज नारा०

कति मुडिँदै छन् कति रँगिदै छन्;
कति लट्टाका प्रेमि हुँदै छन्।
तर छन् 'ज्ञान बिना' सब अन्धा;
भुँडिमै ठिक्क छ सबको धन्दा ॥४॥ भज नारा०

गीता अलिकति जो पढि लिन्छन्;
अलिकति गङ्गाजल निलिदिन्छन्।
प्रभुको पूजन जो जन गर्नन्
किन ती यमका वशमा पर्नन् ॥५॥ भज नारा०

देह विचारा गलिगो सारा;
लौरो भो पर सर्न सहारा।
केश फुलेका दाँत झरेका;
सब छन् आशैतर्फ गिरेका ॥६॥ भज नारा०

खेल्दै बितिगो बाल्य अवस्था,
तरुणीतिर गो तरुणअवस्था।
वृद्ध भएपछि चिन्ता लेला;
हरिकन भजने कुन हो बेला ॥७॥ भज नारा०

अनि पनि जन्मनु अनि पनि मर्नु;
अनि पनि गर्भै तिर गै पर्नु।
अब ता प्रभुजी पार लगाऊ;
यो भवसागरबाट उठाऊ ॥८॥ भज नारा०

अनि उहि दिउँसो रात र हप्ता
पक्ष र तिथि ऋतु बार घुमन्ता।
मैह्ना अयन र वर्ष उनै छन्;
आयु कतर्ने कैँचि यिनै हुन् ॥९॥ भज नारा०

यौवन सकिँदा काम छ ठट्टा;
पानि सुकेपछि पोखरि भुट्टा।
धन सकियो त जहान बिराना;
तत्व बुझेपछि संसार छ टूना ॥१॥ भज नारा०

हित मित सुत जन तन धन नारी,
गोठ र खेत पशू घर बारी।
सब यी जहिँका तहिँ रहने छन्,
तिमिकन यमले खैँची लिनेछन् ॥११॥ भज नारा०

कसले जगमा मकन पठायो,
कति दिन बाँच्नु छ जानु कता हो ?
मनमा गुन यति बात गहीरो,
यो सब चक्चकि स्वप्न सरी हो ॥१२॥ भज नारा०

विष्णु सहस्र र गीता गाऊ,
प्रभुका पदमा ध्यान लगाऊ।
सज्जन सङ्गति तिर मन देऊ,
दुःखी जनको दुःख हरिलेऊ ॥१३॥ भज नारा०

जब तक तनमा प्राण रहन्छन्,
तब तक घरमा सोधनि गर्छन्।
प्राण गएपछि पत्नी डर्छे,
थर्थरि काम्दै पर पर सर्छे ॥१४॥ भज नारा०

चञ्चल मनका वेग थमाऊ,
नश्वर सुखमा फस्न नजाऊ।
काम र क्रोध लोभ हटाऊ,
ज्ञान र भक्ति विराग बढाऊ ॥१५॥ भज नारा०

सुखका खातिर भोग गरिन्छन्,
भोग पछी पछि रोग भरिन्छन्।
न त गरि खान्छन् न त मरि जान्छन्,
तर पनि पापैतिर मन लान्छन् ॥१६॥ भज नारा०

गङ्गा–सागर काशी घुम्छन्,
स्नान र दान व्रत कति गर्छन्।
ज्ञान विना सय जन्म गुजारुन्,
मुक्ति हुँदैन र बुद्धि सपारुन् ॥१७॥ भज नारा०

दशावतार स्तुति

माछो कूर्म बँदेल बाघ बनिँदै कैले मगन्ते हुँदै,
क्रोधी जङ्गलि चोर भैँ र कहिँ ता योगी खुनीभैँ हुँदै ।
नाना रुप लिँदै, कलङ्क सहँदै भू–भार हर्दा छँदा,
हाम्रा यै मनभित्र नै बसिरहुन् श्रीशेषशायी सदा ॥

कैल्यै दुःख कतै नहोस, सबले राम्रो सुबाटो लिउन्,
बाँचुन्जेल सुखी रहेर पछिका द्यौता सरी भै रहुन् ॥
भन्ने चिन्तन ली, रमा र निजको वैकुण्ठ छोडिकन,
नाना दुःख उठाउने प्रभुजिमा लागोस हाम्रो मन ॥

मनुष्य–जन्म

डुब्दै गर्भ र कुम्भिपाकहरुमा हर्दम् उभिन्डा मुख।
भोग्दै कीट–पतङ्ग पक्षिपशुका चौरासी लाखौँ दुख ॥
ऐले बल्ल मनुष्य भैकन यहाँ जन्मी रहेछौँ हरे !
यै बेला पुरुपार्थ केहि नगरे पर्नेछ धोका भरे ॥

॥ यस शरीरले जे चितायो सो पाइन्छ ॥

श्रीनारायणको दया हुन नगै, सत्पुण्य धेरै नभै,
यस्तो मानिस देह यो जगतमा पाइन्न भाग्यै नभै।
श्रीचिन्तामणि भैँ र कल्पतरु भैँ श्रीकामदा धेनु भैँ,
मन् पर्दा सुख हात लाउन पनी सक्नेछ यम्ले सधैँ॥

॥ हाम्रा इन्द्रियहरुमा विचित्र शक्ति छन् ॥

जिभ्रो कान र नाक लोचन त्वचा छन् पाँच बुद्धीन्द्रिय,
बोली हात र पाउ आदि यसमा छन् पाँच कर्मेन्द्रिय।
जे–जे चित्त चिताउँछ प्रिय कुरा सो–सो तुरुन्तै पुरा,
गर्दै छन् सब यी दशेन्द्रिय भने क्या हो नपुग्दो कुरा ॥

॥ ऐश्वर्यको मूल पुरुषार्थ हो ॥

कर्मैले गतिला, चलाख, रसिला छन् आज मानी धनी।
योगी, सिद्ध सिपालु, शूर पनि छन् ती वीर नामी गुणी ॥
कर्मैले, सुरराज इन्द्र बनिए द्यौता बने कर्मले।
सारा लोक समाल्न शक्ति, भरिला कर्मै गरीँदा मिले ॥

॥ हाम्रा पुर्खा ॥

मान्धाता र भगीरथ, ध्रुव, नल, प्रह्लाद, कुन्तीसुत।
विश्वामित्र, वसिष्ठ, लोमश, मनु, श्रीशन्तनू कश्यप ॥
कालीदास, अशोक, भोज, तुलसीदास प्रतापादिक।
कर्मैले अभ्र ती अजम्मरि सरी छन् नामले जीवित ॥

॥ उनका जति सामग्री हामीसित पनि छन् ॥

नौ मैन्हातक हामीझैँ उनि पनि त्यै गर्भ भित्रै थिए,
हामी झैँ कलिला रुँदै धुरु–धुरु यै भूमिमा जन्मिए।
हाम्रो झैँ उनको शरीर पनि हो उत्ती थिए इन्द्रिय,
राम्रा कर्म गरेर किन्तु उनले पाए अनन्त श्रिय ॥

॥ उनको र हाम्रा समय पनि एक समान हो ॥

यस्तै थे उदयास्त घाम जुनका यस्तै तिथी बार थे।
यस्तै साँझ बिहान रात दिन थे मैन्हा ऋतु वर्ष थे ॥
निद्रा भोक तृषा यसै किसिमका पैले पनि लाग्दथे।
यस्तै भित्र रहेर नै उनिहरु विद्वान् गुणी बन्दथे ॥

॥ उनलाई पनि खानु–लाउनु हाम्रो भैँ पर्थ्यो ॥

जाडो घाम झरी बतास र हिलो धूलाहरुका पिर।
निद्रा भोक तृषा सबै दुःख सहे सत्कर्मका खातिर ॥
तीभन्दा दुख हामिलाइ पनि छन् छौँ सर्वदा व्याकुल।
केले हो उनका सरी तर हरे! पायौँन राम्रो फल ॥

॥ उनका गुण ॥

विद्या भक्ति कला र शील शिपमा आजन्म संलग्न थे।
ज्ञान, ध्यान र शान्ति सत्व गुणले आनन्दमा मग्न थे ॥
काम क्रोध र लोभ, मोह मदका अत्यन्त ती दूर थे।
धीरा थे सब वीर थे निपुण थे श्रद्धालु थे शूर थे ॥

॥ ती गुण सिके हामी पनि उस्तै हुन सक्नेछौँ ॥

नाती हौँ उनका उसै रगतले तैयार हामी भयौँ।
पुर्खाकै कुल शील थाम्न उनकै सत्पुत्र भै जन्मियौँ ॥
उत्रै शक्ति छ हामिमा पनि सखे! उद्यम् गरेनौँ तर,
विद्या शील कला र धर्म गुणले खाली भयौँ हा हर!!

॥ विद्याको महिमा ॥

विद्या यै नरको छ रुप भरिलो यै सम्झ गुप्ती धन,
विद्याले सुखभोग मिल्छ सहजै सुध्रिन्छ भित्री मन।

विद्या हो परदेशमा हित सखा दर्बारमा पूजिने,
यस्तो उत्तम रत्न लौ बटुल है! पैसै बिना पाइने ॥}}

राम्रो पार्छ न हारले मुकूटले न स्नानले फूलले,
न श्रीखण्ड सुगन्ध मालिश टिका साबून काकूलले।
साह्रै सुन्दर बन्नु पर्दछ भने बोली सिकौँ संस्कृत,
विद्याले बढिजान्छ रूप सजिलै मिल्ला ठुलो इज्जत ॥

बाजुबन्द किरीट कुण्डलमणी औँठी चुरा हारले।
भोटो कोट कमीज टोपि पगडी अस्कोट सुर्वालले ॥
सारा देह सजाइ झल्–झल हुँदै जान्छौँ सभामा जब।
बोलेनौँ रसिलो उहाँ बसी भने व्यर्थै हुने हो सब ॥

पैन्हुन् हार किरीट कुण्डल मणी औँठी र सिक्री चुरा,
लाउन् कोट र बूट टोप लहँगा बूटा भरेका पुरा।
पालून् केश लिऊन् छडी घडि भिरून् कस्तै घसून् अत्तर,
बोल्ने ढङ्ग नभा सभा बिच हरे! के भो र नी सुन्दर ॥

विद्या सुन्न भनेर कान बनिए के गर्नु ती कुण्डल?
दानै गर्न भनेर हात बनिए, बाला भिरी के फल!
जिब्रो पढ्न र मन्त्र जप्न बनियो, न स्वादका खातिर,
यो चोला उपकार गर्न बनियो, शृङ्गारमा के छ र?

अनौठो यो विद्या धन छ जगतैमा नमिलने,
दिँदा बढ्दै जाने कहिँ पनि न बाँडे घटि हुने।

पछी नाना जन्मान्तर तक पनी साथ रहने,
अभै यस्तो दीघो धन किन छिटै हात नलिने ?

विपदमा हुनु धीर न आत्तिनु,
        सुख हुँदा सब माथि दया लिनु ।
गनिनु बोल्न सिपालु सभा बिच,
        सुजन बन्नु परे यति चिह्न छ ॥

अल्छ्याई नलिनू उँघी नरहनू निद्रा न धेरै लिनू ।
क्वै डेखी नडराउनू रिस कतै कैल्यै नउठ्ने हुनु ॥
धन्दा झट्पट छिन्नु फूर्ति रहनू जुम्सोपना छाड्दिनू,
विद्यामा धनमा पुरा हुनु परे यो बानि हर्दम् लिनु ॥

आलस्यका दोष

हे आलस्य ! तँ कप्टि झट्ट पर जा लौ निस्किजा मन्टिजा,
ट्याक्कै टिक्न म दिन्न यो शरिरमा, जो काट्नु काटिस् मजा ।
मैले बल्ल चिन्हे तँलाई, तँ बडो लेथ्रो रछस् दुर्जन !
तैँले गर्नु गरिस् सबै बल हरिस् सारा बिगारिस् गुण ॥

हे लुम्रा ! अघि पढ्नमा लहसिँदा सार्‍है थकेथें र पो,
मैन्हाभर् बसि मेट् थकाइ तँ भनी मञ्जूर दिएँ टिक्नको ।
तैँले ता बबुरा ! सुटुक्क मन यो आफूतिरै तानिछस् ।
एकै मास् भरिमा खुसू खुसु ठुला षड्यन्त्र पो गाँथिछस् ॥

पैल्हे ता मन यो थियो सुरसिलो आँटी छिटो नीडर,
तेरै सङ्गतिमा परेर अब भो लोते लुते काँतर ॥
पैले काम बडा–बडा कठिनका थाल्थ्यो र गर्थ्यो पुरा,
ऐल्हे थाल्नु त के चिताउन पनी सक्तैन सानै कुरा ॥

पैल्हे भाँग, बिडी, तमाखु, मदिरा, गाँजा, चरस्, चूरुट ।
चूना–सुर्ती, अफीम, पान यिनको राख्दैनथ्यो लट्पट ॥
हर्दम् अम्मलमै छ मस्त अब ता छाड्दैन एकै छिन् ।
ए आलस्य लुठा ! तँ पाजिसित गै चुर्लुम्म डूब्यो मन ॥

पैल्हे सागर वा हिमालय पनी जो नाघुँला भन्दथ्यो।
ऐल्हे आँगनसम्म नाघ्नु परदा साथी गुहार्ने भयो ॥
जस्ले यो मुलुकै सुधार्न अघि ता कम्मर कसेको थियो,
आफ्नै देह सुधार्न आज उसको हिम्मत नपुग्ने भयो ॥

धर्मात्मा कहलाउँला; धन पनी धेरै जमा पारुँला,
बाँचुञ्जेल सबै म सोख लिउँला, मुक्ति पछी पाउँला।
यी चारै पुरुषार्थ सिद्ध गरुँला, भन्दै थियो यो मन,
अल्छ्याईं खलका फँसेर छलमा लाग्यो यसै घोत्लिन ॥

जानुन् संस्कृत बोलि बोल्न सबले यै मातृ–भाषा बनोस्,
चौधै शास्त्र पुरा पढुन् द्विजहरु देशै उज्यालो बनोस्।
यस्तो तज्बिज पार्न यत्न गँरुला भन्थ्यो अघी जो मन,
ऐल्हे त्यै मन अल्छि भैकन हरे! लाग्यो यसै लत्रन ॥

हे आलस्य! तँ पाजि जा पर छिटो सर्वस्व तैंले हरिस्,
उस्ता उत्तम सद्–विचार मनका तैंले त बर्बाद् गरिस्।
तैँ छस् अल्छि तँ बस्, निदा तँ दिउँसो, तैँ पल्टि ए दुश्मन,
लुम्रो आफू तँ छस् भनेर दुनियै लुम्रो बनीयोस् किन?

तैँ पासा पनि खेल्! तँ तास पनि खेल् तैँ बुद्धिबल्गीर खेल्,
तैँ खा भाङ, अफीम, दारु टुहुरा! तैँ मूर्ख कौडी धकेल्!
तैँ हेर् नाटक, नाच, जादु, रमिता बोल्ती सिनेमा तँ हेर्,
अर्कालाई बराल्नु छैन भतुआ! जो गर्नु आफैँ तँ गर् ॥

हे आलस्य ! तँ भागि जा पर–परै दुश्मन् यहाँ आउनन्;
लेथ्नू लेथ्नु र थिल्थिलो गरि–गरी तेरा करङ छामिनन् ।
तैँले बस्नु जुवाडिमा, असतिमा क्रोधी छुचा चोरमा,
पागल् नास्तिक डाकुमा र ठगमा हत्यारमा जारमा ॥

हट् लुच्चा ! अब ठाउँ खालि गरिदे यो ठाउँमा बस्न ता,
आए आँट र फुर्ति जाँगर इलम् विश्वास उत्साहिता ।
जम्ने छन् यस ठाउँमा अब यिनै उद्योगका लस्कर,
मिल्ने छैन तँलाई निश्चय बुझिले रत्ती यहाँ आदर ॥

ए नानी मन ! छाडिदे तँ पनि यो आलस्यको सङ्गति,
यस्ले नास्दछ आयु सम्पति मती प्रीति हुती सद्गति ।
ठूला कार्य चिता अधर्म नचिता उद्योगले दिन् बिता,
आफ्नो सत्व फिंजा, प्रभूकन रिझा, सत्कर्म हर्दम् चिता ॥

प्रश्न–उत्तर

त्याग्ने योग्य छ के? कुकर्म कुमति दु:सङ्ग निन्दा रिस।
लीनै योग्य छ के? भला सुजनको अर्ती र विद्या यश ॥
गर्नै योग्य छ के? पिता र गुरुमा श्रद्धा र सत्सङ्गति।
दीनै योग्य छ के? सुपात्रहरुमा विद्या मती सद्गति ॥१॥

क्या हो भूषण? शील सत्य र मिठो बोली र विद्या गुण।
क्या हो बन्धन? वासना र ममता पत्नी र मैलो मन ॥
क्या हो दु:ख? कुबुद्धि मूर्ख हुनु वा संसारमा लुब्धिनु।
क्या हो सौख्य? विरक्त बन्नु परमात्मा चिन्नु शान्ति लिनु ॥२॥

क्या हो पथ्य? स्वधर्म, के नरक हो? हर्दम् पराधीनता।
क्या हो दान? नगर्नु लोभ यही हो, के दीन हो? मूर्खता ॥
क्या हो इज्जत? क्यै नमाग्नु कहिँ गै, के हो निशा? प्रेम हो।
क्या हो अमृत? अर्ति, के छ विष भैँ? हेलाँ हुनू सन्तको ॥३॥

को हो सद्गुरु? जो छ तत्त्व बुझने सत्मार्गमा लाउने।
को हो पण्डित? सत्य वस्तु ढुँढने सत्मार्ग पौल्याउने ॥
को हो धीर? नयाँ अगाडी तरुणी देखेर डग्दैन जो।
को हो वीर? लडेर इन्द्रिय जिती मन्लाई पक्रन्छ जो ॥४॥

को हो डाकू ? यहाँ इनै विषय हुन्, को शत्रु ? आलस्य हो ।
को बैह्रो ? हितका कुरा नसुनने, को वैद्य ? वैराग्य हो ॥
को अन्धो ? धन जो बटुल्छ दुनियाँ चूसेर अन्यायले ।
को कङ्गालि कहिन्छ ? आतुर सधैँ जो छन् असन्तोषले ॥५॥

को ज्यूँदो छ ? अपार कीर्तिहरुले संसार जस्ले भरे ।
को जागो छ ? सधैँ सुखै सुख हुने सत्कर्म जस्ले गरे ॥
को लाटो ? घतका कुरा बखतमा बोल्दैन जो शर्मले ।
को हो मूर्ख ? निजै उँधैतिर सदा खाँदिन्छ जो कर्मले ॥६॥

छोरो कस्कन भन्नु ? आफ्नू कुलको उद्धार जस्बाट छ ।
को हुस्सु ? जननी पिता र गुरुमा जस्को अविश्वास छ ॥
को हुन् शीतल चन्द्रमा सरि सदा ? भैँमा यिनै सज्जन ।
कस्को छुट्तछ दुःख ? सक्छ जसले संसार छोडी दिन ॥७॥

कुन् काँढा मुटुभित्र शूलसरि भै चस्कन्छ जन्मै भरि ?
गुप्ती पाप गऱ्यो लुकि–लुकि भने त्यै हो सुईरो सरी ॥
केमा गर्नु सदा प्रयत्न नरले ? सत्सङ्गमा दानमा ।
दीर्घायु हुनमा र तत्व लिनमा विद्या, कला सिक्नमा ॥८॥

केमा मान्नु घृणा ? पराइ धनमा स्त्रीमा, छुचामा पनि ।
के गुन्नू ? कति बाँचुँला, म कुन हुँ ! क्या हो जगत् यो भनी ॥
कसलाई जड भन्नु ? जो दिन यसै फाल्छन् निरुद्योगले ।
को हो उल्लु ? सुकाउँछन् शरिर यो जस्ले वृथा शोकले ॥९॥

के सुन्नू ? उपदेश शास्त्रहरुका सुन्नू लगाई मन ।
क्या हो चञ्चल पद्म–पत्र जल झैँ ? आयू जवानी धन ॥
ख्याल् राखीकन गर्नु काम कुन हो ? प्राणीहरुको भलो ।
प्यारो के छ यहाँ ? बडो प्रिय सबैभन्दा यही प्राण हो ॥१०॥

क्या हो जानिनसक्नु ? नारि–जनको जानिन्न छट्टूपन ।
को हो चङ्ख ? ठगिन्न नारि–जनका छट्याइँले जो जन ॥
को हो मित्र ? दिँदैन पापतिर जो कैल्ह्यै कतै ढल्किनै ।
कस्ले पाउँछ दानको फल ? लिँदैनन् दान जस्ले कुनै ॥११॥

प्राणै दीकन नै बुझाउँ तपनी बुझ्दै नबुझ्ने छ को ?
मूर्ख, क्रोधि, कृतघ्न, पागल, अहङ्कारी र शोकायको ।
कसले सक्दछ पार्न आफ्नु वशमा सारा दुनियाँ कन ।
जो छन् नम्र र साँचिला र मधुरो बोल्ने रसीला जन ॥१२॥

कुन् ठूलो डर हो ? “मरिन्छ कि” भनी यौटै छ गाऱ्हो डर ।
के सत्–सङ्गति हो ? सधैँ सुख दिने मैत्री बडाका घर ॥
रोक्ने उन्नतिलाई के छ ? डर वा लज्जा अहङ्कार छन् ।
कस्ले यो जगतै जित्यो ? सहन जो जस्तै पनी सक्तछन् ॥१३॥

कस्को पूजन गर्नु ? वेद–विधिका आचार जो थाम्दछन् ।
द्यौताले पनि ढोग्न लायक छ को ? जस्मा दया धेर छन् ॥
यत्रो भूतल यो छँदैछ त पनी बस्नू कहाँको निको ।
बस्नू सज्जनका समीप अथवा होस् वास काशीजिको ॥१४॥

साऱ्है चञ्चल के कुरो छ बिजुली झैँ झुल्कि अस्ताउने ।

छोटाका सँग मित्रता र युवती छन् देखिने अल्पिने ॥
को होलान् कुल शील लत्रन नदी थाम्ने कली कालमा।
हुन्छन् सत्पुरुषै कुलीन कलिमा चल्छन् निजै चालमा ॥१५॥

कस्ता मालिकको छ कीर्ति सुकिलो ? जो छन् सहू सर्वदा।
बाटो लाग्नु कता ? कूलीन अघिका पुर्खा गएथे जता ॥
कस्को शोक गारौँ ? अनेक धन भै खोटी छ कञ्जूस जो।
कस्को गर्नु बयान ? कम्ति धन भै दीँदै छ खाँदै छ जो ॥१६॥

कस्तोलाई पवित्र भन्नु ? मनले जो शुद्ध छन् भित्रका।
कस्तो व्यक्ति अधम कहिन्छ ? जसका छैनन् इलम ठीकका ॥
केले उम्रन लाग्छ मोक्ष बिरुवा ? सप्रन्छ कुन् चालले।
ज्ञानै हो बुझ बीज मोक्ष–रुखको, सप्रन्छ आचारले ॥१७॥

यस्तो कुन् लहरो छ यो जगतमा जस्ले जग्त जेलियो ?
तृष्णा यै लहरो छ सर्व दुनियाँ यस्ले जग्त जेलियो ॥
श्रद्धा गर्नु सदा कहाँ हृदयले ? माता पिता देवमा।
राजा, ब्राह्मण, गाइ, सत्पुरुषमा, धार्मिकमा वेदमा ॥१८॥

कुन् हो दान ? अमोल खूशि मनले जो औसरैमा दियो।
के गर्दा हलुको भइन्छ ? कहिँ गै माग्यो कि इज्जत् गयो ॥
कान्ताझैँ गरि पाल्नू कस्कन यहाँ ? मैत्री करुणाकन।
निर्धामा करुणा रहुन् सुजनमा मैत्री रहुन् दिन्दिन ॥१९॥

कोदेखी हुनु दिक्क दिक्क मतिमान् संसारदेखी भए।
केले तर्न सकिन्छ ? भक्ति रसले धेरै जना पार् गए ॥

साक्षात् देव अगाडि छन् कुन यहाँ ? माता पिता ब्राह्मण ।
राजा वेद सती नदी गुरु बतास् गौ घाम आगो जुन ॥ २०॥

केले दान सपार्छ ? भक्ति र मिठो बोली र सत्कारले ।
केले ज्ञान बिगार्छ ? "छु म गतिलो" भन्ने अहङ्कारले ॥
केले सम्पतिको सपार्छ महिमा ? सत्पात्रमा दानले ।
केले दिन्छ चमक् पराक्रममहाँ ? भक्ति क्षमा मानले ॥२१॥

यी प्रश्नोत्तरका सबै पदहरु कण्ठस्थ पारीलिनू ।
सारा यी गुण अर्तिलाई मनमा साँचेर राखीलिनू ॥
गर्ने गर्नु यहाँ भनेजति कुरा बन्नू गुणी सर्वदा ।
यस्तै गर्दछ बिन्ति दिन् दिन 'जगन्नाथ' प्रभूमा सदा ॥२२॥

॥ ईश्वर–भरोसा भजन ॥

अयि जगदीश्वर ! विभु ! शिवशङ्कर !
करुणासागर ! शान्ति म पाँऊ !
प्रभुका चरण म शरण बनाऊँ,
प्रमुमै मन यो अचल गराऊँ ॥
–ध्रुवपद

तिमि हौ ब्रह्मा विश्व–विधाता,
नारायण हौ पालन कर्ता ।
तिमि हौ आखिर सद्गति–दाता,
साम्ब सदाशिव ! शान्ति म पाऊँ ॥ अयि जगदी०

धरणी भूधर जलधर धारा,
घाम बतास र सागर सारा।
थलचर जलचर ग्रहगण तारा,
तिमि हौ सबका शक्ति सहारा ॥ अयि जगदी०

दिनमणि तिमि भै दिवस बनायौ,
राजनीचर भै बीज फिँजायौ।
पृथिवी बनि सब चीज उब्जायौ,
बादल भैकन वृष्टि गरायौ ॥ अयि जगदी०

चीनी छ ऊखुमा, दूधमा घीऊ,
जसरी बोटविषे छन बीऊ।
उसरी त्रिभुवन जीवन स्वामी,
तिमि छौ सबमा अन्तरयामी ॥ अयि जगदी०

ब्रह्मलगायत भुसुना सम्म,
जति छ चराचर त्रिभुवन टम्म।
बीज र बिरुवा सरि समरुप,
सब छन् विभुकै अंश–स्वरुप ॥

***

॥ सत्सङ्ग ॥

बुद्धि तिखो वचन सत्य र मान–वृद्धि,
चित–प्रसन्न र जगत्भरि शुद्ध कीर्ति।

पाप–प्रणाश हरिका पदमा प्रवृत्ति,
सत्सङ्गले कुन हुँदैन र कार्य सिद्धि ॥

सत्पुरुषका गुण

तृष्णा तोड, गर क्षमा, भज, हरी बाटो बडाको धर,
साँचो बोल, नराख पाप मनमा, माया दुखीको गर।
कीर्ति थाम, घमन्ड छोड, कुलको चाला समाल्ने गर,
मान्ने मानिसलाई मान र सखे! मिल्ला सधैँ आदर ॥

॥ ठूला–ठूला काम चिताऊ ॥

कैले सक्नु ठूलो छ काम, भनि यो मान्दै नमान्नु डर,
पुग्छन् हेर हिँडीरहेर कमिला हज्जार कोसौँ पर।
"थालौँला नि बखत् छँदै छ" भनि यो भाका नराख्ने गर,
पुग्दैनन् गरुडै पनी नउडि ता त्यै पाँच बित्तै पर ॥

॥ विघ्नदेखि नडराऊ ॥

पर्ला विघ्न भनेर काम गतिलो थाल्दैन नामर्दले,
पर्दा विघ्न चटक्क काम बिचमै छोड्दिन्छ कम्मर्दले ॥
बारम्बार कठोर विघ्नहरुले कस्तै दिउन् ठक्कर,
थालेको निज काम सिद्ध नगरी छोड्दैन शूरो नर ॥

॥ समुद्र मन्थन – थालेका काममा अटल रहूँ ॥

लागे सागर मथ्न जोर् गरि जसै खल्खल् पसीना छुटे,
क्वैका छात्ति फुटे कमर् कति टूटे, ठेला सबैका उठे।
त्यै बेला डुबिगो मदानि र पनी द्यौता डटेरै रहे,
उद्योगी जन कार्य सिद्ध नगरी हट्तैन कस्तै भए ॥

लागे उफ्रन काल–कूट विषका धारा शिरैमा झरे,
द्यौता मूर्छित भै भकाभक गिरे, भैँमा पसारा परे।
धेरै बेर पछि उठे कठिनले फेरी मथे सागर,
उद्योगी निज कामको फल नली हट्तैन कस्तै गरे ॥

बज्रन्थे पहरा जती विपदका द्यौता उती मथ्दथे,
दीए रत्न समुद्रले तर यसै द्यौता कहाँ हट्दथे।
पाएनन् जबसम्म अमृत घडा गर्दै रहे मन्थन,
तोकेको फल मुट्ठीभित्र नपरी हट्तैन शूरो जन ॥

॥ कुलले ठूलो गराउँदैन, कामले गराउँदछ ॥

घडा नाथुको जन्म हो तैपनी ती,
तिनै लोकमा गाइँदै छन्, अगस्ति।
कुलै भो ठूलो भन्नमा धाक के छ,
पुरुषार्थले नै गतिलो कहिन्छ ॥

॥ शुद्ध काम थाल, लोकसँग नडराऊ ॥

बद्नामी नै गरुन् वा चतुर जनहरु नाम राम्रो फिँजाउन्,

श्रीसम्पत्ती भरीयुन् घरभरि अथवा स्वात्त निश्चेर जाउन्।
ऐल्यै मर्नु परोस् वा युगपछि–मरियोस्, भैँ फुटोस् वा पटक्क,
थालेका काम पूरा नगरिकन यसै वीर बस्तैन ढुक्क।

॥ दुःख पऱ्यो भनेर नलत्र ! ॥

ठूलो राख्छ विचार, थाम्छ कुलको इज्जत सदा धीरले,
खोटो कर्म चिताउँदैन कहिल्यै दारिद्र्यका पीरले।
कस्तै वृद्ध रहोस् कती दुःख सहोस्, कस्तै गलोस् भोकले,
मत्ता हात्तितिरै चढाउँछ नजर् खाँदैन घाँस् बाघले ॥

कस्तै दुःख परुन् उ लत्रन यसै धीरा काहाँ मान्दछन्।
आगोलाई तलै खसाल त पनी ज्वाला उँभै उठ्दछन्।
जाओस् प्राण बरु स्वधर्म जसले छोड्दैन त्यै धन्य हो,
पर्ला तात्नु भनेर हेर हिउँले देहै गलाई दियो ॥

तेजिलो हुन सिक !

यौटै घाम उदाइ भूतल भरी खुट्टा घुमाई लिए,
यौटै सागरले तिनै भुवनमा रत्नै फिँजाई दिए।
यौटै काल उठेर प्राणी सबको सातो उडाई दियो,
तेजस्वी वन शक्तिमान् बन सदा, एक्लो हुँदा के भयो।

॥ मोटाइ र लम्बाइभन्दा तेजै ठूलो हो ॥

सानै अङ्कुशका परेर वशमा हात्ती भरीया भए,
सान्है सानु छ वज्र, तैपनि बडा पाहाड पैह्ला गए।
बत्ती सानु छ, तैपनि सब अँधीयारो कता गो कता,
मोटो लामु भएर के छ र सखे ! चाहिन्छ तेजस्विता ॥

उद्योगी बन !

लेखेको जति भाग्यमा छ उति ता मिल्न्यै छ पक्का भनी।
उद्योगै सब छोड्दिने पुरुषको नाशिन्छ भाग्यै पनि ॥
तोरीमा तिलमा छ तेल, तर त्यो आफै कहाँ झर्छ र।
पैल्नै पर्छ बिना प्रयत्न मुखमै आएर के पर्छ र ?

॥ उद्योगैबाट भाग्य बन्दछ ॥

अघिल्ला जन्मैमा श्रम गरि जती पुण्य गरिए,
उनै यस् जन्मैमा धन जन दिने भाग्य बनिए।
जती ऐले जन्मैभरि असल सत्कर्म गरिनन्,
यिनै दोस्रा जम्मैभरि सुख दिने भाग्य बनिनन् ॥

उद्योग गर्नु अनि कार्य पुरा बनिन्छ,
खाली मनोरथ गरी फल मिल्नु के छ।
पाउँ म खान भनि सुस्त सुती रहेर,
पस्तैन आइ मुखमा मृग बाघ–नेर ॥

धर्म गर !

न ध्यानै शिवको गरेर पछिको जञ्जाल मेटीदियौँ,
न स्नान व्रत दान तीर्थ जपले स्वर्गै पनी आर्जियौँ।
पौसाला पुल पाटिले न त यहीँ नामै चलाइ लियौँ,
यौटै क्यै पुरुषार्थ सिद्ध नगरी यो जन्म फालीदियौँ।

॥ उमेर छँदै होस गर ॥

चङ्गा चित्त छँदै उमेर रहँदै पैसा छँदै हातमा,
व्याधीले नछुँदै र आयु रहँदै बर्गत छँदै गाथमा।
आफ्नू श्रेय हुने पछी सुख हुने धन्दा छिनीहाल है,
आग्लागी घरमा भएपछि कुवा खन्दा हुनेछैन क्यै ॥

॥ उमेर बितेको चाल पाइँदैन ॥

आयु छिन्न हुँदैछ रात दिउँसो हप्ता र मैह्ना बनी,
थाहै हुन्न अनेक काम रहँदा वेला बितेको पनि।
देख्छौँ जन्मनु मर्नु रुनु बुढिनू वैराग्य उब्जन्न तै,
के होला नि भरे ? कसो गरि कहाँ ? के भोग्नु पर्लानि है।

धर्मको फल

तेस्का खातिर अग्नि पानिसरि हो खोल्सोसरी सागर,
मेरु तोरिसरी, बँदेल् मृगसरी, दासैसरी बाँदर।
बिच्छी फूलसरी, हलाहल पनि शर्बत्–सरी बन्दछ,
जो मानीस दयालु धार्मिक गुणी विद्वान् सहू शान्त छ ॥

॥ जाति धर्म नछोड ॥

'ल्याऊँ स्वजाति सब पारुँ गरम्' भनेर
लागे तताउन "हिउँकन" सूर्यवीर,
आफ्नो स्वरुप तजि बाँच्नु त मर्नु नीको,
भन्दै कुलीन "हिउँ वीर" उहीँ गलीगो ॥

दन्की रहेछ बडवाग्नि त तात्नु छैन,
कत्ती मिलुन् हिमनदी त चिसो हुँदैन।
देखिन्छ सागर सधैँ भरि एकरुप
छोड्दैन धीर सुख वा दुःखमा "स्वरुप" ॥

लाभ के हो? भने सन्तको संगति।
दुःख के हो? भने मुर्खको संगति।

हानि के हो ? भने आयु बिताउनु,
        के चतुऱ्याइँ हो ? धर्म जोगाउनु ॥

शूरो को ? जित्छ जो यी दसै इन्द्रिय,
        स्वास्नी को ? गर्दछे जो पतीको प्रिय ।
के छ सम्पति, विद्या मुखैमा हुनु,
        जन्मको सार के ? धर्म जोगाउनु ॥

सत्यवादी बन

रोकेकै छ अझै हलाहल विष श्रीशम्भुले घाँटिमै,
बोकेकै छ अझै धरातल पनी ती कूर्मले पीठमै ।
थामेकै छ समुद्रले उदरमा त्यो वाडवाग्नी पनि,
राख्छन् आफ्नो भनाइ भद्रजनले आखीरसम्मै पनि ॥

॥ पृथ्वी थाम्ने सात रत्न ॥

गाई, ब्राह्मण, वेद दानि र सती, निर्लोभि साँचा जन,
ब्रह्माले यहि सात रत्नहरुको पैली गरे सिर्जन ।
सारा सृष्टि समाल्न भूमितलमा राखीदिए, प्रेमले,
थामिन्छिन् पृथिवी यिनै सुजनका सत्कर्म सत्–धर्मले ॥

॥ सद्‌गुण र दुर्गुण ॥

छैनन् लोभ–समान दुर्गुण अरु चुक्ली ठुलो पाप हो,
साँचो बोल्नु यही ठूलो तपस हो, शुद्धी मनै तीर्थ हो ।
विद्या नै धन हो, सखे ! जगतमा दुर्नाम यै मुत्यु हो,
कीर्ति हो गहना सुशील रहनू यै इष्ट वा मित्र हो ॥

॥ सत्यवादीहरुको क्यै उदाहरण ॥

रानी राजकुमार, आफू सहितै बेचे हरिश्चन्द्रले,
राजा विक्रम राज्यबाट धपिए एक्ला वनैवन् डुले।
घुम्थे पाण्डव द्रौपदी वनवनै साम्राज्य त्यागीकन,
अर्पिन्छन् सब सत्यवादिहरुले सर्वस्व आयु धन ॥

प्रतिज्ञा पाल !

सदा शान्ति आनन्द मन भित्र गर्ने,
        दशै ती दिशामा लगी कीर्ति भर्ने।
यी यस्ती "प्रतिज्ञा" कनै ख्याल राख।
        बरु प्राण जाउन्, प्रतिज्ञा नपोख ॥

धनको मनको जहानको,
        जति आनन्द छ नाम मानको।
सब जान्छ त दुःख मान्दिन,
        तर आफ्नू म कबूल छोड्दिनँ ॥

तेस्का खातीर सारा धन तृण सरि हो, रात घूँसोसरी हो,
मेरु ढिस्कोसरी हो, जल थलसरि हो, सिन्धु खोलोसरी हो।
गर्मी छायासरी हो, वन घर सरि हो, भूमि आँग्नैसरी हो,
जस्ले यो काम गर्छु भनि दृढ मनमा सत्य संकल्प लीयो ॥

दुःखीको उपकार गर

आफ्नू हानि पनी सहेर अरुको गर्छन् भलो सन्तले,
आफ्नो हानि नपारि गर्छ अरुको उद्धार सामान्यले।
अर्कालाई बिगारि आफु बनिने यो राक्षसी काम हो,
व्यर्थै जो अरुलाई पिर्छ उसको जान्दौन के नाम हो ॥

॥ परोपकारको पाठ सूर्य भगवानसँग सिक ॥

बार्है मास छ एक नास बलले आकाशमा पौडनु,
बस्ने छैन टुसुक्क फुर्सद भने सुत्ने कुरै के हुनु।
कस्तो घोर ठिका सकारि भगवान् श्रीसूर्य कुद्दै छन,
अर्पन्छन् उपकारमा सुजनले आयु शरीरै धन ॥

माग्नेलाई दिए दधीचि मुनिले आफ्नू शरीरै पनि।
तीनै लोक समग्र राज्य दिनुभो राजा बलीले पनि ॥
अर्पे कैटभले र फेरि मधुले भिक्षुकलाई शिर।
साटे नश्वर देहबाट उनले सत्कीर्ति नित्य स्थिर ॥

आराले शिर फोरि “मोरध्वजले” बाहूनलाई दिए,
छोरा मारि पकाई “कर्ण विरले” पाहूनलाई दिए।

आफ्नै मासु पनी दिएर शिविले रक्षा चराको गरे,
अर्काको उपकार निम्ति उनले प्राणै समर्पण गरे ॥

अर्काको उपकार खातिर सखे ! दिन्छन् नदीले जल ।
अर्काकै उपकार निम्ति रुखले दिन्छन् रसीला फल ।
गोरु दूध गहूँत गोबर सखे ! गौबाट बाँटिन्छन,
अर्काकै उपकारमा सुजनले सर्वस्व अर्पन्छन ॥

श्रीलक्ष्मीपति हेर, विष्णु भगवान् आनन्दका सागर,
खप्नू हुन्छ कठोर दुःख अरुकै उद्धारका खातिर ।
श्रीनारायणदेखि भारतकका जो–जो जती जात छन्,
अर्काकै उपकार निम्ति सबले सर्वस्व सुम्पीरछन् ॥

उपकार गरुन् भनेर यो
प्रभुले मानिस देह बक्सियो ।
उपकार पटी तयार भै,
निज कर्तव्य समालिहाल है ॥

***

न्यायले धन बढाऊ !

छन् उद्योग जहाँ वहाँ धनहरु आफैँ कुदी आउँछन्,
पानीले भरिलो छ पोखरि भने माछा निजै धाउँछन्।
भाग्यै सम्झि गरेन उद्यम भने हेलाँ ठुलो पाउँछ,
ढुङ्गाका जडबाघको मुख हुँदो सीयाल लत्याउँछ ॥

मूलैबाट नमास्नु लाउनु पूँजी दोबर हुने डोरमा,
जेठैमा बिउनै निलेर पछि लौ के खानु मंसीरमा ?
थोरै सम्पत्तिमै फुरुक्क परि जो गर्दैन उद्योग ता,
यो ता तृप्त भयो भनी धन दिनै छोड्छन् उता देवता ॥

॥ विद्युन्माला छन्द ॥

जस्तै यौटै चक्काले त्यो
गाडी चल्नै सक्तैन।
उस्तै भाग्यै मात्रले त्यो
सम्पति मिल्नै सक्तैन ॥

जो पैला जन्मको हो जप तप उपकार आदि उद्योग हाम्रो,
त्यै ता यो जन्ममा भो धन र जन दिने दैव वा भाग्य राम्रो।
ऐले नै वा भरे वा जति सुख लिनु हो सो पुरुपार्थबाट,
पाईने हो भनी यो दृढ गरि मनमा गर्नु उद्योग आँट ॥

के आफ्नु देश अनि के छ बिरनु देश,
जो आँटिलो छ उसलाई सबै स्वदेश।
उत्साह जाँगर पराक्रमले डटेर,
निर्धक्क भै जहिँतहीँ गरि खान्छ वीर ॥

॥ व्यवहारमा नभई नहुने गुण ॥

आफ्नामा सजिलो, दयालु, अरुमा, छट्टू छुचामा हुने,
प्रेमी सज्जनमा, निसाफि नृपमा, विद्वानमा न्यूरने।
नारीमा चतुरा, बलिष्ठ रिपुमा, राख्ने बडामा क्षमा,
जस्मा छन् यि कला उही जहिँ तहीँ मानिन्छ संसारमा ॥

॥ उद्योगमा लागेको मानिस दुःखदेखि डराउँदैन ॥

कतै खाली भैँमा कहिँ पलंगमा सुत्छ सुखले,
कतै ढीँडो रोटी कहिँ खिर मिटो खान्छ मजले।
कतै मैला थाङ्ना कहिँ छ पहिरन् दिव्य तनमा,
मनस्वी उद्योगी सुख र दुःख गन्दैन मनमा ॥

॥ लक्ष्मीको बास कहाँ हुन्छ ॥

बिना पैसै उक्ले कति शिखरमा मान धनका,
धनै धेरै भै भै कति बनिसके कौडि भरका।
जता उद्दिम् साहस् सुमति छ उतै धाउँछ धन,
सुकेका जंगल्मा मृग सहज मान्दैन रहन ॥

॥ आफ्ना दुःख जहाँ तहाँ नपोख ॥

ए काकाकुल! सावधान मनले यौटा कुरा सुन् यता,
आकाशै भरि मेघ छन् तर सबै छैनन् यकैनासका।
क्वै छन् पानि दिने नगर्जिकन नै क्वै गर्जने मात्र हुन्,
जो–जो पर्छ अगाडि त्यससित नरो जानेछ व्यर्थै वचन्।

॥ धक्का नलागि शक्ति प्रकट हुँदैन ॥

न सीता हरिन्थिन्, न रामै सुरिन्थे,
न बाली शुलिन्थ्यो, न बाँदर झुमिन्थे।
न सागर तरिन्थ्यो, न लंका जितिन्थ्यो,
न ठोसी अगुल्टो कहाँ अग्नि बल्थ्यो ॥

धनको सती

घस्कोस् इज्जत् रसातल्तिर, अभ्र तल गै घोप्टियोस् पाजि जात,
फूटोस् खप्पर् दयाको जप–तप पनि यी मन्टियुन् भीरबाट।
ऐल्यै लागोस् डढेलो यिनी गुणहरुमा, धन मिले भो मलाई,
जस्का खातीर सारा गुणहरु पनि ती गर्दछन् हाई–हाई ॥

उद्योग सिद्ध नभएमा सन्तोष मान

पत्नी शीलवती र पुत्र गुनिलो, मालीक हाँसीमुख,
प्रेमी मित्र र दाजु–भाइ सजिला, माता पिता सम्मुख।
आम्दानी धनमा र चैन मनमा, कण्ठस्थ विद्या सदा,
राम्रो रुप, जहान मेलजुलको, पाइन्छ भाग्यै छँदा ॥

लेखे आफ्नु ललाटमा धन अघी धेर्–थोर जो दैवले,
त्यै मिल्नेछ सुमेरु माथि बस वा घर्भित्र वा मोजले।
तस्मात् धीर रहू वृथा धनिकका साम्ने नझुक्ने गर,
कूवामै भर वा समुद्र पुग वा जल् मिल्छ लौटै भर ॥

वनैपिच्छे मिल्छन् सहज–सित मन्माफिक फल,
नदीपिच्छे बग्दै छ हिउँ–सरिको शीतल जल।
बिछ्यौनाका लागी बटुल कमला पात रुखका,
सहन्छौ दैलामा किन धनिकका गालि रिसका ॥

यो पृथ्वी भरि अन्न फल्दछ जती सम्पूर्ण आफ्नै रहोस्,
सारा भूतलको सुवर्ण जति हो आफ्नै खटन्मा रहोस्।
पृथ्वीभर् जति नारी सुन्दरि हुनन् सारा ती आफ्नै हुनू,
यो मन् तैपनि तृप्त हुन्न नि सखे! सम्झेर शान्ति लिनू ॥

मूर्खलाई रिझाउन सकिंदैन

बालूमा बरु तेल खूब बलले पेले कतै आउला !
चर्का घाम चुसी–चुसी बरु कतै पीयास मेटीयला !
मूसाको सिंग मीलला बरु कतै संसार घुम्ने गरे ।
प्राणै देऊ परन्तु मूर्ख कहिल्यै रिझ्दैन कस्तै गरे ॥

॥ मूर्खलाई उपदेश दिएको फल छैन ॥

गोहीको मुखमा पसीकन पनी सक्ला बरु निस्किन ।
पानी माथि कुदेर सागर तरी सक्ला बरु पार् हुन ॥
जिस्याईकन सर्प राख्न शिरमा सक्ला बरु क्वै जन ।
सक्ने छैन परन्तु मूर्ख नरको मन्लाई सम्झाउन ॥

॥ मूर्खको ओखति छैन ॥

आगाको जल, घामको र जलको छाता लुगा शीतको,
तीखो अंकुश हात्तिको र लहुरो भैंसी गधा गोरुको ।
गर्मीको जल–वायु, मन्त्र विषको, बत्ती अँधीयारको,
सब्को औषधि दैवले रचिदियो, बिर्से छ कि मूर्खको ?

॥ सज्जन र दुर्जनका चिह्न ॥

दोषैलाई गराइ सद्‌गुण सखे ! बोल्छन् गतीला जन,
अर्काका गुणलाई दूषित गरी फैलाउँछन् दुर्जन ।
नूनीलो जल मेघले लगि मिठो पारेर वर्षाउँछन्,
आलो दूध पियेर सर्पहरुले साक्षात् विषै पार्दछन् ॥

॥ दुष्टका लक्षण ॥

दया नगरनू कतै, झगडिनु विना कारण ।
पराया धन नारिमा सहनु लुब्ध भै यो मन ॥
क्षमा नहुनु सन्तमा गरिबमा र आफन्तमा ।
यि दुर्गुण ढुडौँ भने सकल मिल्दछन् दुष्टमा ॥

॥ नाना विषय ॥

लज्जा भापछि गहना के हो ? विद्या भापछि धन के हो ?
कपटी जो हो सर्प उही हो, मतलबी बन्धु यही आगो हो ।
क्रोध यही हो पक्का शत्रु, धर्म सबैको साथी हो ।
माता सरिका ओखति छैनन्; मित्र पतिव्रता पत्नी हो ॥

॥ आयु बढाउनेले यति आठ काम नगर्नू ॥

अल्छी भै रहँदा पवित्र नहुँदा, आचार छाडी दिँदा ।
जस्तो अन्न जहाँ–तहाँ जतिसुकै बेला मिलोस् खाइँदा ॥
अभ्यास श्रुति शास्त्रको नगरिँदा चिन्ता र सुर्ता लिँदा ।
आयु घट्तछ मिल्छ झट्पट सखे ! संसारबाटै बिदा ॥

॥ काम, क्रोध र लोभलाई त्याग ॥

सुन्दरि जनका छल–जालमा,
जो नर बेह्निन पुग्दैनन् ।
क्रोध डढेलो दन्कन लाग्दा;
जो नर रन्कन लाग्दैनन् ॥

मधुरा मधुरा भोग मिलेमा,
जो नर पर–पर तर्किन्छन् ।
उस्ता धीरा नरले सारा ।
जगतै वशमा गरिदिन्छन् ॥

॥ सम्मान ॥

मानै ब्राह्मण हो ! नखोज कहिल्यै यो मानदेखी डर ।
यस्लाई विष झैँ घृणा गर, परै तर्केर बस्ने गर ॥
अर्काको गर खूब मान मनितो, आफू नखोज्ने गर ।
यस्तो गर्नु र भन् हुनेछ बढता तिम्रो सधैँ आदर ॥

॥ सम्पत्ति सुख ॥

अब मन ! परमात्मा तर्फ फिर्का तँ बुद्धि,
धन धन भनि हिँड्ने छाडिदे यो कुबुद्धि ।
उति धन मिलिनै गो कर्म तेरो जती थ्यो,
खुशि रहु, किन थोरै कर्मले धेर मिल्थ्यो ॥

धनिक बनुँ म ठूलो भै बसौँला तँ भन्लास्,
        तर अहित छ यस्मा लोक दोटै बिगार्लास्।
अधिक धन हुनेको दुर्दशा हेर्न जा न,
        कति रछ डर शङ्का वैर चिन्ता हरान ॥

तन, धन, सुत, दारा, बन्धु–वर्गादि सारा,
        कति दिन रहने हुन्! को छ यस्को सहारा!
कसरि किन म आएँ! जानुपर्ने कता छ!
        कति चिज सँग जाला! यो सबै गुन्नुपर्छ ॥

धन जन र जवानीमा भरोसा गरेर,
        "मम", "मम" भनि गर्छस् के अहङ्कार धेर!
यहिँ वरिपरि घुम्छन् काल भोक शिकारी
        कहिँ तँकन नखाउन् बाण हानेर मारी ॥

असली घर छ अन्तै खालि रित्तै छ ऐले,
        अब उस घरमा गै बस्नुपर्नेछ तैँले।
उहिँ पनि यहिकै झैँ भोक लाग्नेछ भाई!
        शिव! शिव! पछि खाने के छ तेरो कमाई?

॥ कान्ता वियोग वैराग्य ॥

यो संसार असार हो, बुझिसकेँ आफ्नू यहाँ के छ र!
पत्नी, पुत्र, शरीर, दौलत सबै छन् ईश्वरैका भर।
मेरो भन्नु वृथा छ कर्म गतिले चौरासिमा डुल्दछौँ,
मेरो यो यति हो भनेर बिचमा व्यर्थै कतै झुल्दछौँ।

यस्ता जन्म बिते हुनन् अघि कति उद्योग भो हो कती !
पत्नी, पुत्र, शरीर, दौलत भए जन्मैपिछेका कति !
आफ्नै थे सब ती भने किन छुटे ऐले म यौटै किन !
तस्मात् क्यै पनि छैन आफ्नू वशमा यै शोच रातौँ दिन ।

पश्चात्ताप! (पछुतो)

गरेँ वेदको पाठ हर्दम् न मैले,
    न वेदोक्त सत्कर्म थामेँ क्रमैले।
गरौँला गरौँला नि भन्दैँ म आएँ,
    बिना कामले आयु मैले गुमाएँ ॥

न वेदान्त वा धर्मका शास्त्र हेरेँ,
    बडाले भनेको न ता बात टेरेँ।
न विद्या कमाएँ न भक्ति बढाएँ,
    बिना कामले आयु मैले गुमाएँ ॥

न निष्काम भै धर्ममा चित्त लाएँ,
    न कौनै कुरा देवतामा चढाएँ।
न क्यै पाप चान्द्रायणैले घटाएँ,
    बिना कामले आयु मैले गुमाएँ ॥

न संसारमा सार वा दोष खोजेँ,
    न वैराग्य वा रागमा एक रोजेँ।
न कान्ता न शान्ती कुनै हात लाएँ,
    बिना कामले आयु मैले गुमाएँ ॥

न सत्संगमा काल मैले बिताएँ,
न एकान्तमा गै समाधी लगाएँ।
न मन्लाई रोकेर भित्रै जमायेँ,
बिना कामले आयु मैले गुमाएँ ॥

न योगी महात्मा सँगै बस्न पाएँ,
न सेवा गुरुको पुरा गर्न पाएँ।
न माया हटाएँ न धर्मै बचाएँ,
बिना कामले आयु मैले गुमाएँ ॥

न सुर्ता अहङ्कार चिन्ता धपाएँ,
न शङ्का अहारीस लोभै घटाएँ।
न यो चित्तका दोष सारा छुटाएँ,
बिना कामले आयु मैले गुमाएँ ॥

न माता पितालाई आनन्द पारेँ,
;न पूर्खा अघीका सबैलाई तारेँ,
न गै तीर्थमा बस्न हर्दम् रुचाएँ,
'जगन्नाथ' ! हा ! आज पो होस पाएँ।

तत्त्व विचार

हे नारायण! विश्वरुप! भगवन्! आनन्दका मालिक,
चौधै लोक सदा प्रकाश गरने प्रह्माण्डमा व्यापक!
नित्य ज्ञाननिधे! सनातन! हरे। श्रीशेषशायिन् विभो,
हाम्रा दण्डवत प्रणाम कृपया स्वीकार गर्नेस् प्रभो!

चारै वेद जुटी बयान उसको गर्छौं भनी गै डटे,
रत्ती अन्त नपाइ रुप गुणको लाटा सरी भै हटे।
ब्रह्मा, शेष गणेशका पनि जहाँ बोली भए बेपता,
हामी मानिसले बयान गरनू यो ता कता हो कता ॥

॥ परमेश्वर सेवा ॥

यस्तै नै हुनुहुन्छ तैपनि जती वेदादि विद्या यि छन्,
अभ्यास स्तुति, भक्ति कीर्तन सदा गर्दै रहूँ भन्दछन्।
तस्मात् कीर्तनले तथा लगनले अभ्यासले वर्णन,
लागौं गर्न डटौं पछाडी नहटौं हामी पनि दी मन ॥

॥ वैराग्य नभई मुक्ति पाइँदैन ॥

ज्ञानी खूब बनोस, भक्ति रसमा डूबोस भित्रै तक,
अभ्यास श्रमले गरोस नभुकी एकाग्र भै भरसक।
वैराग्य–प्रत तीव्र छैन त भने कस्तै गरे तापनी,
मिल्दैनन् अधिकार मुक्ति–सुखका कच्चै रहन्छन् तिनी ॥

मुक्तिका छन तीन साधन, यिनैलाई हत्याई लिनु।
"आत्मा चिन्नु" र "भक्ति गर्नु" मनमा–वैराग्य तीखो हुनु।
हीरा, हार मणी र दिव्य–रमणी, साम्राज्य मिल्दा पनि,
सम्झन्छन् अति तुच्छ जो बुझ उनै वैराग्यका हुन् धनी ॥

॥ तृष्णा र ममता अनि अहंता ॥

"मेरो यो" भनिने अनी "म" भनिने जे जे छ संसारमा,
फोस्रो यो सब हो क्षणैभरि छ यो क्यै छैन आखीरमा ॥
तृष्णा जो यिन चीजमा छ गहिरो, पासो उही सम्झनु,
यो पासो नछिनाइ शान्ति सुखका आशा वृथा हो लिनु ॥

हाम्रो शरीर कस्तो हो?

कैले यो बनियो शरीर यसमा के शील वा सार छ?
यस्मा आफ्नु खटन् छ छैन? यसले के लाभ मिल्ने रछ!
सारा यी विषयादिको र यसको सम्बन्ध कस्तो रछ!
यस्तै खूब विचार हरदम गरे तृष्णा यसै गल्दछ।

॥ यो शरीर केले बनेको हो ?॥

नारीमा ऋतुकाल बाद नरको सम्भोग लीला हुँदा।
निस्केका रज वीर्यबाट बनियो क्यै कालमा बुद्बुदा ॥
फेरी मासु नसा गिदी रगतको डल्लो हुँदै जम्नगो।
जीवात्मा उसभित्र कर्मवशले घुस्नेर देही भयो ॥

॥ गर्भवासका क्लेश ॥

माताका अति साँगुरो उदरमा यो जीव गै ठेलिनू।
विष्ठा मूत्र खकारमा गुँडुलिँदै साल्नालले जेलिनू ॥
हर्दम पिल्सिनु पेटका उखुमले कीरादिले टोकिनू।
नौ मैह्नातक घोर कष्ट सहँदै त्यै गर्भमा रोकिनू ॥

॥ जन्मने बेलाका क्लेश ॥

यस्तै दुःख सहेर बल्ल जब भो पैदा हुने कालमा,
तेर्छौ भो यदि जन्मदा शिशु भने मिल्ला महाकालमा।
छुराले उहिँ रेटि रेटि टुकुरा पारेर तान्नू परे,
त्यो बेला उस जीवको दुःख वहाँ को भन्न सक्ने हरे!

॥ पैदा हुँदाका क्लेश ॥

भैगो जन्म सिधै भने पनि यसै त्यो साँगुरो योनिमा,
पर्दा छिर्नु प्रसूति–वायु बलले धक्याउँछन् जोर्निमा।
धक्का कोमल देहमा परन गै जो क्लेश होला वहाँ,
सक्ला को र बयान गर्न उसको फर्केर आई यहाँ!

॥ जन्मिसकेपछि ता सुख हुनुपर्ने ! ॥

आयो बाहिर बल्छ बल्ल र पनी यो घोर संसारमा,
आधि व्याधि वियोग शोक झगडाका पर्नगो धारमा ॥
आफ्नामा अनि आफूमा जति विपत् दारिद्र्य पर्दा यहाँ,
भोग्नू झन्झट पर्छ ती दुःख सबै भन्दा सकिन्छन् कहाँ!!

॥ योनिहरु ८४ लाख प्रकारका हुन्छन् ॥

यो संसार अपार सागर हुँदा गाह्रो छ पारै हुन,
नाना योनि मनुष्य पंछिपशुका चौरासी लाखै छन्।
आफ्नै कर्म त आफ्नु बन्धन हुँदा यो जीव लज्जाउँदो,
हर्दम क्लेश सहेर योनिहरुमा घुम्दो छ डुल्दो छँदो ॥

॥ ८४ लाख योनिमा मनुष्य जन्म नै उत्तम हो ॥

यौटै मानिस देह नै छ बढिया चौरासी लाखौँ बिच,
यो भन्दा पनि धन्य उच्च कुल हो आचार झन् मुख्य छ।
त्यो हो झन् बढिया विचार छ जहाँ, झन् धन्य विद्वान् कुल,
साऱ्है उत्तम ता छ वेद पढने आचारवान्को कुल ॥

॥ मनुष्य जन्मको प्रयोजन ज्ञान सिक्नु हो ! ॥

पावोस् उच्च कुलीन देह त पनि आत्मा अनात्माकन,
चिन्ने यत्न र देहको क्षणिकता जान्दैन हो जो जन।
कस्तै त्यो चतुरो सिपालु गुनिलो विद्वान् भनीयोस् तर,
व्यर्थै आयु बितेर जान्छ उसको रोला पछी धर्–धर ॥

॥ आयु साह्रै महँगो छ ॥

नाना कोटी असर्फि लीकन कतै कस्तै ढुढौँ तापनि,
एकै नै छिन वा पलाभरि पनि यो आयु पाइन्न नी।
यस्तो हाय ! अमोल आयु यसरी सारा वृथै गो भने,
योभन्दा अति हानि यो जगतमा हा हा ! अरु के हुने ?

॥ यो आत्मा पशु योनितिर गयो भने ॥

आत्मा देह विना रहन्न नरको यो देह छिन्नै हुँदा,
गैगो लौ पशु देहमै यदि भने सर्वस्वकै भो विदा।

आफ्नू देह समाल्न छैन पशुको सामर्थ्य रत्तीभर,
गर्ला के परमार्थ साधन हरे! रोला सधैँ धर्–धर ॥

॥ पशुहरुको क्लेश ॥

घोडा हात्ती र ऊँट गोरु, गदहा, राँगाहरु जान्वर,
भारीले थिचिएर भोक र तृषा खप्तै रुँदै धर्–धर!
जाडो घाम झरी बतास र हिलो धूलो र बालू बीच,
घस्रन्छन् दिन–रात मार पिटिँदै बोल्ने न सामर्थ्य छ।

॥ शरीरको स्वरुप ॥

हड्डीका टुकुरा रसाइ रसले जोर्नी नसाले कसी,
मासूले उहिमाथि लिप्सि उसमा मासी र बोसो घसी,
तेसैमा गिदि, रक्त वीर्य छिटियो त्यै राश यो देह हो,
चाट्लान् काग कुकूरले भनि उहीँ छाला मढेको छ यो ॥

॥ के यो देह चोखो हो ॥

आँखा कान र नाकबाट मुख वा लिंगा गुदाबाट वा,
चिप्रा कानगुजी सिँघान कफ वा विष्ठा र मूत्रादि वा।
झर्दा बाहिर खूब मान्दछ घृणा चौपट्ट चोखो बनी,
के होला यस देहभित्र भनि यो सोच्तैन कैल्हे पनि ॥

बाटामा कहिँ हाडको छ टुकुरो सो देखिदैमा पनि,
टाढैबाट हटेर जान्छ डरले त्यो छोइएला भनी!
आफ्नै देह हजार हड्डिहरुले हर्दम् छ ढाकियको,

त्यो देख्तैन विचार छैन, किन हो यो बुद्धि लाटीयको ?

विष्ठा मूत्र गिदी र लादि मलले भित्री चकम्चूर छ,
गोडाको नङदेखि केश तक नै दुर्गन्ध भर्पुर छ।
घस्छन् बाहिर चन्दनादि अगरु कर्पूर वा अत्तर,
भिर्छन् कोट घडी छडी र पगडी बन्छन् सफा सुन्दर ॥

जो स्वाभाविक दोष देहभरि छन् भित्रै तथा बाहिर,
ती साराकन राख्तछन् जनतले छोपेर चारैतिर।
अस्वाभाविक बाहिरी र नकली तानेर केही गुण,
ठूलो हूँ 'म' भनी गजक्क परने ती मूर्ख वा सज्जन ? ॥

उब्ज्यो घाउ शरीरमा यदि कहीँ धोएन तीनै दिन,
स्याउँ स्याउँ किरा अनेक मसिना गिज्विज्ज ऊब्जन्छन।
निस्केला उसबाट गन्ध सडिलो नाकै उजारी दिने,
यस्तो हाय कफल्ल देह कति हो यो लोकमा थामिने !

॥ शरीरको क्षणिकता ॥

अस्ती बीस तले ऊँचा महलका त्यो पुष्पशय्या महाँ,
नाना भोग मजा उडाइ सुतने त्यै देह हो लौ वहाँ !
ऐल्हे हेर उही शरीर छ चितामाथी सुतेको बरा,
आगो दन्दन दन्कियो डढिसके गोडा गली पाखुरा ॥

जो सिंहासनमा सुशोभित हुँदा देखेर सारा जन,
मान्थे हेरिरहुँ भनेसरि सधैँ आँखा नचिम्लीकन।

ऐल्हे देह उही छ काल–वशले भैँमा पसारा हुँदा,
चिम्लन्छन् दुई नेत्र हेर्न नसकी त्यै देहको दुर्दशा !

॥ देह र जीवात्माको भेद ॥

यस्तो नाश हुने महामलिन हा ! निःसारको देह यो,
नाना कर्म समाल्न सक्छ उसको सत्ता हुनाले अहो !
उस्ता सत्य अनन्त शुद्ध परमात्मालाई बिर्सीकन,
व्यर्थै नश्वर देहलाई "म"–अहं भन्दै बटारिन्छन् ॥

॥ देहमा ममता गर्नु व्यर्थ हो ॥

आत्मा सत् अनि चित्स्वरुप र परं आनन्दरुपी कहाँ,
मासू हाड र रक्तले बनिएका यो देह मूढो कहाँ ?
यस्तो देह र जीवमा फरक जो जानेर शर्माउला,
त्यो ज्ञानी किन देहमाथि "म–अहं" को बुद्धि गर्ला भला !

॥ यो शरीर के हो त ?॥

हिजोको त्यै गोलो विषय–मलको जल्जल हिलो,
विधाताको टेवा मिलि ठडिनगो देह झरिलो !
सुसारा के गर्नु ? किन दिन गुजार्नु ? पुतलि यो,
विधाताको नाता कहिँ टुटिगयो या ढलिदियो ! !

विषय विचार

॥ पत्नी ॥

मिली भोली–भाली युवती कहिँ काली पनि भने,
नराम्री भै पत्नी भनी हृदयमा चोट रहने !
मिलीगै लौ राम्री चटकमटके नै पनि भने,
अरुले पो आफ्ना वश गरिलिनन् की डर हुने ॥

झरीली झडकीली हरिण–नयना चन्द्रवदना,
सदा राम्री नारीतिर नजर दिन्छन् सब जना !
कमारा भीकाराहरु र अरु ती दौँतर पनि,
रसीला लुब्धैला नजर गरि हेर्छन् अघि अनि ॥

उता उस्तै दिन्छन् पुरुष तरुणीतर्फ नजर,
यता उस्तै नारी पनि मन बटार्छन् वर–पर ।
निजी लोग्ने भन्दा तरुण बलियो सुन्दर नर,
मिलेमा गर्दा हुन्, कति कति मनैबाट रहर ! !

सुरूपा नारीका पतिहरु यिनै झन्झट परी,
सधैँ दुब्लै हुन्छन्, मनमन कुडिन्छन् घरि–घरी !
अनेकौँ कौवाका झपट बिचको मासु टुकुरा,

लिएको कौवाझैँ सुख रति पनी छैन विचरा ! !

बिढंगे गल्ड्याङ्ग्री जडमति हुनाले पनि कतै,
हुकूम् नाघी लागी अरुतिर भने जिद्दी बनिदै !
त्यसैले भो शंका पर–पुरुषको क्यै गरि भने,
उही शत्रु भै गै सुख युवतिमा ख्वै र मिलने ? ?

॥ पुत्र ॥

रत्ती छैन अपुत्रको गति भनी जो वेदको बोलि हो,
पुत्रेष्टीहरु यज्ञ गर्न उसले उत्साह पो गर्दियो ।
लोकै छैन कुनै अपुत्रहरुको यो सम्झनू व्यर्थ छ,
हेरौँ लौ कुन लोक खातिर यहाँ भो पुत्र आवश्यक ?

दिन्छन् मुक्ति भनौँ भने जति यहाँ छन् पुत्रवाला जन,
सारा मुक्त हुनन् त फेरी कसरी संसार होला भन ?
पुत्रैले यदि मुक्ति मिल्दछ भने टन्टा हजारौँ किन,
पर्थ्यो गर्न अनात्म आत्म यिनको छुट्याउने साधन ॥

पाउन्नन् यहि लोक पुत्र नहुँदा भन्छौ भने हेर न,
आए ती कसरी यहाँ जति जना ऐले अपुत्रा छन ।
औरै लोक छ पुत्रबाट मिलने भन्छौ भने यो भन,
नाना यज्ञ र तीर्थ होमहरु यी व्यर्थै बनीए किन ?

नाना तीर्थ र भाकल व्रत गरी खर्चेर धेरै धन,
गर्छन् विह्वल भै मनो–वचनले सन्तानको चिन्तन ।

जन्मन्छन् जब पुत्र त्यै बखतमा माता–पितामा हरे,
रोगी हुन्छ कि नानि मर्छ कि भनी चिन्ता गहिरा परे ?

बाँचे तापनि शीलवान् र मतिमान् ज्ञानी भए ता निको,
के जान्नू तर बानि लिन्छ कि कतै नीचा र अज्ञानिको।
भङ्जाहा पटमूर्ख वा पतित वा क्रोधी छुचो हुन्छ वा,
चुक्लीखोर कि चोर जार अथवा जूवाडी भौजान्छ वा।

जन्मन्छन् कति पुत्र ता शिव हरे ! अत्यन्त नीचा पनि,
चाँडै बाबु मरोस् र मालिक बनौं सम्पत्तिको मै भनी।
आमा–बाबु र दाजु भाइ सबको हत्या पनि गर्दछन्,
खेदै खेद छ पुत्रबाट शिव हा खेदै हुँदै मर्दछन्।

इच्छामाफिक शीलवान् र गुणवान् शूरा शिपालू भला,
जन्मन्छन् कहिँ कोहि औसर कसैका कोखमा साँचिला।
यस्ता पुत्र पनी भए यदि कहीँ रोगी कि अल्पायु वा,
निःसन्तान भए भने पनि सधैँ खेदै हुने हो अहा ! !

छोरोबाट छ सोख्य सत्गति भनी भन्नू कसोरी अब ?
निःसन्तान मनुष्य गै नरकमै पर्नन् कसोरी सब ?
तस्मात् तर्क वितर्क युक्तिहरुले विद्वान् जसो भन्दछन्,
उस्तै भक्ति सुकर्म साधि मतिमान् संसार पार् तर्दछन् ॥

नाता पक्ष

पिता माता मामा दिदि बहिनी भाई कि भतिजा,
फुपू सानीमा औ जति–जति छ नाता अरु निजा।
बटूवा बाटामा मिलि छिन भरी एक सँगमा,
बसी छुट्टीए झैँ अलिक दिनका छन् जगतमा।

इष्टमित्र

विधाता भै दाता धन र जनले पूर्ण रहँदा,
सधैँ खन्खाँचामा मदत धनले गर्न सकिँदा।
अनेकौँ जुट्नेछन् हित मित हुँदै भक्त बनिदै,
विपद्मा सारा ती पर–पर हुनन् दुश्मन हुँदै ॥]

दिनौँ खान्थे प्यूँथे घर पनि वसार्थे जब तक।
हहाँ ज्यू! ज्यू! हो! हो! भनि–भनि झुमिन्थे तब तक ॥
वसार्दामा एकै दुइ यति कतै छाक, बिरिनन्,
उतीमा ती निन्दा गरि–गरि रिसाएर घुमनन्!

धनदौलत

सधैँ भर्दा भर्दै पनि नभरिने पेट छ सँगै,
यसैका निम्तीमा धन बटुलने चित्त हुन गै !
कती डाँडा–काँडा वन र पहरा टापु कुदिने,
कतै कानू कौडी पनि नमिलदा हिस्स परिने ! ।

मिलिजाला धेरै धन तपनि आराम लिन ता,
उनै पत्नी छोरा अरु अघि सरेकै छन् यता ।
उता चोरी डाका सित र अधिकारीसित डर,
वृथै गर्छन् तस्मात् धनतिर पनी उद्यम नर !

परुन् मुद्दा माम्ला विपद भनि ढुक्ने त कति छन्;
कतै नाघ्यो कानून् कि भनि ढूँढने ता कति हुनन् ?
खुँडा खन्ती भाला भिरि–भिरि घुमेका त कति छन् ?
धनै भो भन्दैमा पनि सुख कहाँ के रछ र भन् ?

सुना, चाँदी, हीरा मणि र गहना, रत्न रमणी,
विमान् म्याना, घोडा, रथ गज र जहाज तरणी ।
निजा पर्दा अन्याय यदि कहिँ भै पाप ठहरे,
मजा ऐले थोरै छ, तर दुःख दुष्पार छ भरे ॥

॥ राज्य लाभका सुखदुःख ॥

न घेरुन् बैरीले, मकन रणमा हार्नु नपरोस्,
यता सेना मन्त्री तनयतिर षड्यन्त्र नरहोस् ॥
कुनै हत्याराका मतिर विष वा शस्त्र नपरुन्,
यिनै हर्दम् चिन्तार्णव बिच डुबेका नृपति छन् ॥

बैरीले छोप्तछन् वा कहिँ–कहिँ बिचमा हार पो हुन्छ की वा,
आफ्नै भाई भतीजाहरु मिलिकन षड्यन्त्र पो रच्तछन् वा ?
खानेप्यूने कुरामा विष मिसि कि दिनन् शस्त्र पो छोड्दछन् वा ?
यस्तै शंका र सुर्ता छन यदि मनमा सोख खोजौँ कहाँ वा ?

मनको दुर्गति

तृष्णा लवस्तरि पिशाचिनिमा फँसेर,
यो चित्त आज छ पिशाच समान हेर !
हाँस्तै छ, लाग्छ रुनु, फेरि दगुर्छ दूर,
कैले खुशी छ छिनमा रिसले छ चूर ! ।

ऐले छ, शान्त तर दुष्ट बनिन्छ चट्ट,
गर्दैछ गालि, छिनमै स्तुति गर्छ झट्ट ।
कैले अहारिस गरी रिसले भरेर,
आफैँ मपाई बनि पर्छ गजक्क हेर ! !

यी क्रोध लोभ मद मत्सर मोह दम्भ,
यै चित्तकै वरिपरि सब भै झुरुम्म !
धेरै कुकूर जुटि मासु लुछे समान,
तान्छन् अनेक तिरबाट गरी हरान !

तस्मात् विचार गहिरो गर वार–वार,
वैराग्य तीव्र मनमित्र लगी घुसार ।
यो चित्तका पछि नलाग र टेर्न छोड,
यस्तै गरेर मनका सब वृत्ति तोड ॥

विषय पन्साउने उपाय

पानीका लहरी यिनै विषय हुन् संसार हो सागर,
नाऊ यै नर–देह हो, छ यसमा जीवात्म यात्राचर।
अन्धाधुन्द बढेर कर्म हुरिले हुत्येर चारैतिर,
नाऊ ढल्पलिँदैछ जोर सितले बग्दै छ उल्टैतिर ॥

॥ नाउ डुब्न आँट्यो ! ॥

नौ छन् इन्द्रिय नाम छिद्र यसमा, माझी निजै जीव छ,
सान्है अल्छि छ ती पुवाल नथुनी हर्दम् खुलै राख्तछ।
नौबोटे छिँडबाट पानि भरिँदा नाऊ जसै डुब्दछ,
यै संसार समुद्रका भुँवरिमा आत्मा उँधै झर्दछ ॥

॥ नडुब्ने उपाय ॥

थून्नू इन्द्रिय छिद्र, ती विषयका थोपा हटुन् बाहिर,
नौका झट्ट हलौँ भएर सजिलै तार्ने छ पारीतिर।
सारा इन्द्रिय रोकि आफ्नु वशमा जो राख्छ सो तर्दछ,
दोस्रो छैन उपाय केहि कहिँ गै, यै मुख्य कर्तव्य छ ॥

इन्द्रिय वश गर्ने उपाय

यौटै इन्द्रियका पनी वश परी प्राणी फसेकै छन्,
सारा इन्द्रिय तृप्त गर्न सुरिने के पाउनन् उम्कन ?
माछा पर्दछ मासुको रस लिँदा मल्लाहका जालमा,
पर्दै छन् सुख–लोभले नरहरु त्यै कालमा नेलमा ! !

आधा देह छ सर्पले निलियको त्यो भ्यागुतो तै पनी
भ्रिँगा निल्दछ सासले खिँचि–खिँची आनन्द भोगौँ भनी ।
तेस्तै मृत्यु छ सामुमा, तर पनी मानीस अन्धा सरी,
नाना भोग विलासकै विषयमा चुर्लुम्म छन् हर्घरी ! !

आँखाले गर तीर्थको र हरिको सत्–शास्त्रको दर्शन,
फोस्रो चीज अनेक हेरिकन यी आँखा बिगार्छौ किन ?
हेर्नै मात्र छ, केहि काम उसले सप्रन्न है आखिर,
व्यर्थै पाप बटूलि के छ र सखे ! यो चित्त राख स्थिर ॥

चोखो भै सुन कानले हरि–कथा, निन्दा नसुन्ने गर ।
चुक्लीखोर नपाल ! बात उनको सुन्दै नसुन्ने गर,
निन्दाले न त मर्छ शत्रु, न सखे ! क्यै लाभ आफ्नै हुने,
व्यर्थै हो किन कान दूषित गरौँ पापिष्ट भै जाकिने !

जिभ्राले पढ वेदशास्त्र र सधैँ नै बोल नारायण,
बोल्छौ व्यर्थ परापवाद र झुटो गाली र निन्दा किन?
अर्काको यशले न हानि छ कतै, आफू न क्यै पाउला?
जिभ्रो पारि अशुद्ध पाप बिरुवा रोपेर के खाउला?

ऐले इन्द्रियका र यी विषयका संयोग वा भोगमा
जो आनन्द रहन्छ सो क्षणिक हो सिद्धिन्छ तत्कालमा।
त्यो संयोग छुटी वियोग हुन गै जो दुःख उब्जन्छन,
ती जन्मैभरि छातिभित्र मुटुमा काँडा घुसारिन्छन।

गैह्रो राख विचार! हेर यिनमा के छोडने? के लिने?
पक्का लाभ दिघो ठहर्छ कुनमा? के हो सधैँ चाहिने?
थोरे नै सुख छोडिँदा हुँदि उता नाशिन्छ सारा दुख!
थोरै दुःख बरु सहेर मतिमान् लिन्छन् अनेकैँ सुख!

मन रोक्ने उपाय

पानी भुल्भुल उम्रँदैछ शिरमा बग्दो छ हर्दम् उँधै ?
हाली फाल समुद्रभित्र बिचमा डूब्यो नुनीलो हुँदै ?
त्यै पानी उहिँ जामिएर नबगे दोस्रो महासागर,
आफै नै बनिने थियो जगतमा मिल्थ्यो बडा आदर ॥

त्यस्तै यो मन बाहिरी विषयमा कैल्यै नडुब्दो छँदो,
भित्रै मात्र जमेर आदि विभुका लीला विचार्दो छँदो।
रत्ती अन्त नताकि हिम्मत कसी बिर्सेर संसार यो,
बस्तो हो त अवश्य यो मन निजै आत्मा बनीने थियो ॥

जस्तै कूप नदी तलाउ छहरा छाँगाहरुको जल,
वर्षामा धमिलो रहन्छ, मिसिँदा धेरै धमीला भल।
फेरी ग्रीष्म हुँदा सुकेर भल ती बाँकी रहेको जल,
कस्तो हुन्छ पवित्र शीतल मिठो सग्लो भलो टल्टल ॥

जस्तै यो मनमा यिनै विषयका दुर्वासना मिस्सिँदा,
हुन्छन् वृत्ति तमोगुणी, विरसिला पापी विषैला सदा।
तातोस् खूब र वासना जब सुकुन् वैराग्यका तापले
होला सत्वगुणी यही मन यहाँ खाली हुँदा पापले ॥

यो पाऊँ म भनी कुनै विषयमा राखेर इच्छा स्थिर,
ली बाह्येन्द्रियलाई साथि मन यो दौडन्छ चारैतिर।
आफ्नू बात चितायको नमिलँदा–चिच्याउँदै धाउँछ,
आफ्नै सम्पत्ति नाशिँदासरि सदा अत्यन्त सुर्ताउँछ!!

अप्ठ्यारा पहरा, नदी र छहरा, गाऊँ, पुरी, जङ्गल,
नाघ्दै लड्बडिँदै दगुर्छ मन यो हर्दम हुँदै व्याकुल!
पाईएन भने भनेजति कुरा, पीएर साक्षत् विष,
माते झैँ गरि लाग्छ गर्न बबुरो झर्का र झन्का रिस॥

तुम्बा खूब हलौँ हुँदा जातिसुकै पानी मनी बेसरी,
ठेले तापनि फेरि झट्ट उपरै उत्रन्छ जस्तै गरी!
उस्तै यो मन यत्नले जतिसुकै भित्रै धकेले पनि,
झट्टै बाहिर निस्कि सो विषयमा घुस्रन्छ लुब्धो बनी॥

ऐले वा अघि जन्ममा जति–जती राम्रा नराम्रा कि वा,
जो–जो कर्म मनुष्यले गरिसके जानी नजानी कि वा!
ऐले ती सब कर्मबाट मिलने जो योग हुन् आखिर,
खोजी क्यै नगरे पनी अघि–अघी हुन्छन् निजै हाजिर॥

भेडो झैँ मन यो बडो घिडघिडो भेडी धसान् मन्परी,
बाटो छोडि जताततै भिरतिरै जाकिन्छ धर्–खर गरी।
यो छाडा पशु रोकिँदैन सहजै मज्बूत मुङ्ग्रो बिना,
ब्रह्माले यस निम्ति नै रचिदिए वैराग्य भन्ने टुना॥

यो टेढो मन घिड्घिडो पशु सरी हर्दम् कुबाटातिर,
पैञ्या खोलि दगुर्छ एक थलमा कैल्यै हुँदैन स्थिर।
ब्रह्माले गल–काष्ठ बक्सनु भयो वैराग्य यै लायक,
झुन्ड्याउँ बलियो गरेर यसका झट्टै गलामा अब ॥

॥ मुक्ति–सुखको नमूना ॥

जो गैह्रो सुख पाइँदै छ निदका बेला यहाँ दिन्दिन,
यौटे इन्द्रिय छैन शामिल वहाँ त्यो चैन उब्जाउन।
नाडी भित्र घुसेर चित्त लुकदा खुम्चे अरु इन्द्रिय,
यस्तै मुक्त हुँदा सधैँभरि वहाँ आनन्द मिल्ला प्रिय ॥

॥ मनको थान्को ॥

डर्लाग्दो दरिलो बलिष्ठ खिरिलो स्वाधीन भै झोरमा,
घुम्ने निर्भय शूर बाघ थुनिँदा जन्जीर वा खोरमा।
निस्कन्छु भनि यत्न भर्सक गरी भेटेन दैलो भने,
सुस्केरा गरि थाकि–हारि उहिँ नै हो आखिरी घोत्लिने ॥

उस्तै यो मन–बाघले निकलने दैला नवै इन्द्रिय,
राखौँ टम्म थुनेर, निष्ठुर बनी ताकौँ भरेको श्रिय!
लाखौँ यत्न गरेर छिर्न नसकी हारेर यो आखिर,
बन्ला निष्क्रिय शान्त–दान्त, गतिलो, गम्भीर धीर स्थिर ॥

॥ संसार तर्ने मुख्य बाटा ॥

रोक प्राण, समाधि बाँध अथवा सत्संग हर्दम गर,
छोडी देउ कुवासना र हरिको सद्भक्ति गर्ने गर!

बाटा छन् यति चार पार पुगिने पक्रेर यौटा कुनै,
लागौँ चढ्न अगाडि बढ्न, मन यो लाग्यो स्वयं थामिनै ।

वैराग्य वा सन्तोष

पराया स्त्री, छोरा, धन, महल आफ्नै नजरमा,
बनिन्छन् नाशिन्छन् न खुशी छ न सुर्ता छ मनमा।
छ अर्काको छोरो चतुर तपनी प्रेम नहुने,
छ आफ्नो ता लाटो तपनि किन हो प्रेम रहने ॥

मनैका हुन् लीला जहिँ–तहिँ मनैको छ ममता,
यसैले गर्दामा रहन नसकेको छ समता!
“म हूँ, मेरो हो यो” भनि यिनी अहम्ता र ममता,
मनैबाटै निस्कून् त कसरी ठहर्थ्यो विषमता!!

गृहस्थी भै बस्ता पनि अधिक आसक्त नहनु,
मुनाफा नोक्सानीतिर परि खुशी खिन्न नहुनु!
कतैको पाहूनू क्षण भरि टिकेको सरि हुनू,
प्रभूको हो खेला भनिकन उदासीन रहनू!!

निजा डेरा बिर्सी सिरु र खरका जङ्गल हुँदो,
डढेला काँढामा दगुरि दगुरी व्याकुल छँदो।
फसेको पाशामा मृगसरि हरे! यो मन भयो,
सुगन्धी त्यो चीसो सरस फूल हावा र जलको ॥

नदीले, हावाले, सरस लहरा, झारहरुले !
रमेका जङ्गल्मा रुखमनि बसेका पुरुषले,
लिँदै छन् आनन्द श्रम गरि यही पुण्य फल हो !
सुखै खोज्दा खोज्दै फँसि विषयमा मारिन गयो ! !

अगाडी गङ्गा छन्, वरिपरि हरीया ति लहरा,
चराका ती गाना छर–छर झरेका ती छहरा।
गुफामा श्रीनारायण चरणको चिन्तन गरी,
बसेका, योगीले किन नलिनु आनन्द लहरी ! !

रसायन् सम्झी जो अमृत रस वैराग्य पिउनन्,
उजीयाला अन्तःकरण उनका निर्मल हुनन्।
मिलेकामा सन्तोष् गरिकन त जो निःस्पृह हुनन् !
उनैको साम्नेमा सकल सुख सामेल रहनन् ॥

हराएकी गौको जनमभरि सन्ताप रहने,
उनै गौ दान् गर्दा परम सुख सत्–पुण्य रहने !
जती छुट्तै जान्छन् विषय, उति छन् शोक पहरा,
निजै त्याग्दा ऐले सुख छ, पछि छन् पुण्य छहरा ॥

जस्तै द्रव्य हराउँदा विकल भै यो चित्त सुर्ताउँछ,
विद्वान्लाई दिँदा उही धन सखे, आनन्द उब्जाउँछ।
त्यस्तै स्त्री सुत आदिका विरहमा संकष्ट अत्यन्त छ,
आफै त्यागिदिँदा दुवैतिर भलो आनन्द औ स्वर्ग छ ॥

चित्त–शुद्धि

जैलेसम्म हुँदैन सत्व–गुणको उत्पत्ति यो चित्तमा,
जैलेसम्म रहन्छ लम्पट हुने स्त्री पुत्रमा वित्तमा।
तैलेसम्म उदाउँदैन असली प्रज्ञानको वासना,
तस्मात् चित्त पखाल माझ मजले छुट्याउ दुर्वासना ॥

रिट्ठा, खार, खरानि, पानिहरुले लूगा पखाले सरि,
माझ्नु पर्दछ चित्तलाइ हरिका सद्भक्तिले बेसरी।
श्री नारायण कृष्णका चरणमा भक्ति नलागे तक,
चित्त स्वच्छ हुँदैन सत्वगुणको मिल्दैन शान्ती सुख ॥

॥ दृष्टान्त ॥

आठै वर्ष उमेरमा ध्रुव पसे त्यो शून्य जङ्गलतिर,
झाडीभित्र पुगे बसे रुखमनी, बाँधे समाधि स्थिर।
लागे ध्यान कठोर गर्न हरिको, खानै–पिनै छाड्दिए,
श्री नारायणमै लगेर मनका वृत्ती थुपारीदिए ॥

श्रीकृष्णचन्द्रको भक्ति गर्ने विधि

॥ चित्तको कर्त्तव्य ॥

वृन्दावनमा जङ्गल भारी,
फल फूल तरु तृण लहराधारी।
कल्प–लता मनि रम्य छहारी,
सम्भ्क बसेका कृष्ण मुरारी ॥

न्याउल कोइलि शुक बक सारी,
अर्ना गज मृग केसरी भारी।
कल्पतरुको रम्य छहारी,
सम्भ्क बसेका कृष्ण मुरारी ॥

वरिपरि गोप र गोप–कुमारी,
भरि टपरी दही सारी सारी।
खाँदै मिलीजुली हर्ष उमारी,
सम्भ्क बसेका कृष्ण मुरारी ॥

श्यामल वर्ण छ मेघ सरीको,
उहि छ प्रकाश सृष्टि–भरीको।
चन्द्र–मुहार पिताम्बरधारी,

सम्भ्फ बसेका कृष्ण मुरारी ॥

कान छ कुण्डल लोचन लामा,
कौस्तुभ–मणिको हार गलामा।
कङ्कण भूषण चम्चम् पारी,
सम्भ्फ बसेका कृष्ण मुरारी ॥

केशर, कर्पूर, चन्दन लाई,
वनभरि मगमग सुगन्ध चलाई।
मुसु–मुसु हाँसी हँसिलो पारी,
सम्भ्फ बसेका कृष्ण मुरारी ॥

सुन्दर पैह्रीकन वन–माला,
पार्दै सबका मन उजियाला।
कलिका काला मल पर सारी,
सम्भ्फ बसेका कृष्ण मुरारी ॥

॥ त्वगिन्द्रियका कर्तव्य ॥

मन्द सुगन्ध बतास उही छन्,
गङ्गा पद–तलबाट बहन्छिन्।
प्रभूका सुन्दर कोमल पाऊ,
मिचिरहु रे त्वच! अन्त नजाऊ ॥

॥ नेत्रको कर्तव्य ॥

अतिशय सुन्दर वाञ्छित दाता,
सुरनर दानव भाग्य–विधाता।

प्रभुका चरण नछोडन आँखा !
        नदगुर पर–पर पाखा पाखा ॥

॥ कानका कर्त्तव्य ॥

सुनिरहुँ जस्ता परम रसीला,
        सुखमय पावन पुण्य–भरीला ।
कृष्ण–कथा सुन कानहरु हो !
        अरु गफ गन्थन सुन्नु वृथा हो ॥

॥ दशै इन्द्रियहरु ॥

इन्द्रियहरु हो ! सुन यति अर्ति,
        प्रभुकै पदतिर हौ सब भर्ती ।
तिमि छौ सुखका परम पियारा,
        प्रभु हुन् सुखका सागर खासा ॥

॥ अर्पण ॥

अयि मुरलीधर ! कृष्ण पियारे !
        तिमी हौ जगका नाथ मुरारे !
प्रभुका पदको दर्शन पाऊँ,
        यि दश इन्द्रिय भेटि चढाऊँ ॥

आनन्दरामायणान्तगर्त–

पिप्पल पारिजातको महिमा

श्रीरामचरित्र

लाखौँ चन्द्रसरी मनोहर–पुरी कैलाश दरबारमा ।
नाना रत्न सुवर्णका पलङमा स्वामीजिका पासमा ॥
जम्ला हात गरी अघिल्तिर सरी साम्ने मुहूडा धरी ।
लागिन् सोध्न ति पार्वती चरणमा पस्रेर विन्ती गरी ॥

हे शम्भो, करुणानिधान भगवन्, हे प्राणनाथ, प्रभो !
लीला राघवका ममा गरि दया धेरै सुनाऊनु भो ॥
तृप्ती तैपनि हुन्न सुन्न मन झन् लाग्दै छ है शङ्कर !
श्री सीतापतिका पवित्र गुणले कैले अघाइन्छ र ? ।

पारीजात र कल्पवृक्ष यि दुवै श्रीरामका पासमा ।
आए भूतलमा कसोरि ? कसले ल्याएछ के बातमा ?
प्यारा थे सुरराजका महलमा हर्दम् प्रयोजन् थियो ।
छाडेछन् किन इन्द्रले ? अब यही शङ्का मलाई रह्यो ॥

श्रीसीतापतिमाथि भक्ति धरि यो शङ्का गरीथिन् जब,

लाग्नुभो शिवजी बताउन कथा श्रीरामजीका अब।
हे प्यारी! सुन सावधान भनले श्रीरामजीका कथा,
यस्तो पुण्य पवित्र छल्फल हुँदा आनन्द मान्छु म ता ॥

दुर्वासा मुनि गर्छु दर्शन भनी श्रीरामको क्वै दिन।
आफ्ना साठि हजार शिष्यसँग ती सोच्तै गए मन्मन ॥
"देखुन् पौरुष रामको जगतले "जानुन यि नारायण।
हुन्" भन्ने म निधै उपाय गरुँला यस्को उहाँ गैकन ॥"

यो सोची सब ठिक्क पारि मनले लागे अयोध्यातिर।
देखे श्री अमरावती पुरी सरि आनन्द भो हर्हर ॥
सारा लश्कर ली पसे नगरमा चल्थे बडा जोरले।
"जै सीतापति राम राम" भनि ती जप्थे एकै सोरले ॥

पैह्रेका ति लँगौटि छाल रुखका, ती पाटका कन्धनी।
भुन्डेका कटिमा मृगाजिन र ती माला गलामा पनि ॥
भिक्षापात्र र पानिपात्र करमा, भोली बगल्तर्फ भन्,
पाऊमा ति खराउ, भस्म तनमा, श्रीराममा चित्त छन् ॥

गायत्री जपले र घोर तपले, आचारले, वेदले!
विद्या ज्ञान र ब्रह्मचर्य, गुरुका भक्ती र सत्संगले ॥
धप्–धप् अग्निसमान कान्ति मुखमा चम्कन्छ ब्रह्मत्वको,
उस्तो भेष छ शील तेज दुनियाँ देखेर छक् पर्दथ्यो ॥

दुर्वासा अघि थे, कुमार पछि थे, "जै राम जै" बोल्दथे,
बाटो घाट बजार ढाकि दरबार्को मार्ग ली चल्दथे ॥

"यस्ता पुण्य महर्षिको त नचुकी लौ–लौ गरौँ दर्शन।
भन्दै झ्याल अटालिबाट पुरमा हेर्थे करोडौँ जन ॥

यस्तै खूब रमाइलो र भरिलो हेर्दै अयोध्यापुरी,
पुग्नुभो दराबारनेर मुनिजी श्रीराममा मन् धरी।
ढोकामा पहरा सिपाही जति थे चाप्चुप्प भै हेर्दथे,
पस्नूभो दरबारभित्र मुनिजी क्वै केही बोल्दैनथे ॥

त्यो बेला रघुनाथ अन्तपुरमा सीताजिका साथमा,
हुन्थ्यो राज, विनोद–हास्यरसका बात् मारि एकान्तमा।
चढ्दै सात तला उँभो मुनि पुगे, चेला सँगैमा थिए,
जै सीते! भनि जानकी भवनको दैलो थुनी उब्भिए ॥

एकाएक यसोरि अन्तपुरमा त्यो साठि हज्जारको,
थुप्रो जङ्गलवासि विप्रगणको जम्मा हुँदा ता अहो!
दासी छक्क परे, सखी पर सरे, सिपाही घेरा परे,
सारा सीँढि अटालि, पालि यिनले खाली नराखी भरे ॥

मन्त्रीलाई थाहा भएछ दगुरे, छिर्दै अगाडि सरे;
दासी सामु परी र भट्ट करले ठाडै इसारा गरे।
दासी धर्खरिँदै बुझेर दगुरी सीताजिका सामु गै,
लागी बोल्न डराउँलै थरथरी काम्दै र व्याकुल् हुँदै ॥

हे सीते! सुमते! धरापति–सुते! हे राम सीतापते!
त्राहि, त्राहि! लँगौटि–धारिहरुले दर्बार घेरीसके!
फुर्तीला हुनलाई हो कि किन हो नाङ्गाभुतुङ्गा ति छन्,

चिन्ला कोहि भनेर हो कि किन हो फुस्रा बनेका ति छन्।

तेस्तै हुन् कि बनावटी स्वरुप हो, लट्टा र दाह्री–जुँगा,
पाली, झोली कमण्डलू र मृगका छाला भिरेका छँदा।
आए आठ तला चढेर कसरी ? बाहीर के–के गरे ?
रानीकै दरबारसम्म यिनले घेरेर सारा भरे ॥

दासीका यति बात सुन्नु जब भो श्रीरामजी उठ्नुभो,
आएछन् तपसी कुनै मुनि भनी झट्टै उहीँ पुग्नुभो !
पाई दर्शन जानकी–रमणको सर्वस्व पाएँ भनी,
लागे आशिष भर्न मन्त्र विधिले गद्‌गद् हुँदै ती मुनि ॥

नानाजन्म भरी बडो श्रम गरी जङ्गल गुफामा रही।
पानी घाम बतास भोक र तृषाको दुःख सारा सहि।
चौधै लोकभरी घुमे पनि कहीँ पाइन्न जो दर्शन।
उस्तो दर्शन पाउँदा किन नहोस् गद्‌गद् मुनीको मन ॥

देख्तैमा रघुनाथले पनि तहीँ साष्टाङ्ग सत्स्वागत।
गर्नूभो अनि जानकी भवनमै लैजानु भो झट्पट।
उच्चा आसनमा बसालि सुनको झाह्री अघी सार्नुभो।
पाऊ पूजनुभो, सुगन्ध दिनुभो, माला चढाऊनु भो ॥

पैल्हा खल्बलमै पुगे भरतजी, शत्रुघ्नजी, लक्ष्मण,
ऊर्मीला श्रुतिकीर्ति माण्डविसितै आए बुहारी जन।
आठै भाइ जुटे उहीँ सुतहरु मन्त्री ति सूमन्त्र थे,
साष्टाङ्ग प्रणती गरेर मुनिको आशीष ली बस्तथे ॥

यस्तो स्वागत भैसकेपछि बसी श्रीरामजी नम्र भै,
जम्ला हात गरेर बोलनु भयो अत्यन्त श्रद्धालु भै।
हे सर्वज्ञ! तपोनिधे! हजुरको ठूलो दया भो ममा,
पाएँ दर्शन, पाप काटिन गए, तर्ने भएँ अन्तमा ॥

पूर्खदेखि लिएर आजतक जो सत्कर्म गर्दै रहे;
तीर्थस्नान र यज्ञ दान जप वा सत्पुण्य जे–जे भए।
आजै ती सबको मिल्यो फल मुने मेरो ठुलो भाग्य हो,
आज्ञा पाउँ गरीब लायक गुरो, सेवा गारौँ के प्रभो?

विन्ती राघवका सुनीसकि मुनी बोल्छन् बडा सोरले,
यौटा प्रश्न छ सुन्नुहोस्, नरपते उत्तर दिनोस् होसले।
हज्जार वर्ष भरी ठुलो व्रत गरेँ अन्नै नखाइकन,
आजै पारन हो परन्तु यसमा दोटा प्रतिज्ञा छन ॥

श्रीचिन्तामणि, कामधेनु र अनी आगो यतीबाट जो,
होला अन्न तयार खान्न म भनी पैह्लो प्रतिज्ञा छ यो।
ऐह्लेसम्म मनुष्यले कहिँ कतै देख्नै नपाईएको,
चोखो फूल चढाउँला म शिवमा भन्ने त दोस्रो छ यो ॥

मेरा साठि हजार शिष्य इनि हुन् अत्यन्त भोका छन,
गर्छौं आज हजूरकै भवनमा हामी सबै पारण।
तेस्रो अन्न र फूल ठिक्क गर लौ गार्हस्थ्य पाल्ने भए!
एकै मात्र मुहूर्त बाँकि छ विदा पाऊँ नसक्ने भए ॥

दुर्वासा मुनिका सुनी विकटका यस्ता कुरा रामजी !
भन्नूहुन्छ मुसुकक हाँसि गरियो स्वीकार हे सिद्धजी !
सुन्नुभो जब यो कबोल मुनिले भन्नुभयो फेरि यो,
लौ भान्सा बनियोस् नुहाउन सबै जान्छौँ अबेला भयो ॥

ओर्ले साठि हजार विप्र सरयूका घाटमा जो उता,
लाग्यो खल्बल चल्न आपुसमहाँ रानीहरुको यता ।
के गर्ने अब लौ कसोरि यिनको सत्कार हामी गरौँ ?
तेस्रो अन्न र फूल पाउनु कहाँ केको तयारी गरौँ ?

यी चिन्तामणिले चिताए जतिको दिन्थे सबै भोजन,
दिन्थिन् फेरि यी कामधेनु सजिलै मागे जती भोजन !
आगामा कि त बन्न सक्तछ यता इच्छानुसार् भोजन !
यी तीनैकन छाडि यो पृथिविमा पाइन्छ के भोजन ? ।

गर्नुभो बिचमा कबूल कसरी ? यस्तो महाराजले,
पृथ्वीमै नहुने कुरा कसरि पो दिन्थे र मानिसले ?
तीनै लोक त्रिकालदर्शि मुनिले जान्दैनथे यो किन ?
के भन्छन् ती भनी यसै पनि भनी हेरे हुनन् जिस्कन ॥

जिस्केकै भय तापनी अब त के आफ्नै जवान् गैगयो,
आफ्नै बोलि समाल्नमा पनि करै लाग्यो अनर्थै भयो,
एकै मात्र मुहूर्त बाँकि छ छिटो गर्नु भनेका पनि ।
बीते पन्ध्र मिनेट आज अब लौ के हुन्छ नी कोजनी ? ।

दुर्वासा रिसमा प्रसिद्ध ऋषि हुन् भोका उसैमाथि छन्,
दिन्छू खान भनेर फेरि नदिए आगै हुनेछन् ति झन्।
के जान्नू कुलको र राज्य सबको नाशै हुने हो कि वा,
लाठा यी यमदूतका नरकमा हुन् बज्रने पो कि वा!।

यस्तै तर्क वितर्कले घरभरी खल्बल मचेको थियो,
श्रीसीतापतिजी सभाभवनामा गै राज भैबक्सियो।
यो वृत्तान्त सुनी सदस्यहरु ती अत्यन्त नै आत्तिए,
यस्तो पर्दछ गर्नु भन्न नसकी तस्वीर झैँ भै रहे ॥

हल्ला यो सहरैभरी पनि उता हावासरी फैलियो,
हाहाकार जतातितै परिगयो सारा जगत् आत्तियो।
तेजस्वी ऋषिका विषालु रिसको मान्थे सबैले डर,
आफ्नो कर्म समाल्छ ब्राह्मण भने के गर्न सक्तैन र?।

बाबू लक्ष्मण, एक लेख चिठि लौ भन्ने हुकुम् बक्सियो,
लेखीयो चिठी, बाँचियो र शरमा ठाडै उँभो छाडियो।
उड्दोभो शर सो सरासर उँभो हावासरी हानियो,
तत्कालै सुरलोकमा पुगिवरी सन्सन् सभामै गयो ॥

त्यो वेला बहुतै सभा–भवनमा द्यौता र देवर्षि थे।
उच्चा आसनमा सुरेन्द्र बिचमा आनन्दमा मस्त थे।
साम्नेमै सबका पुगी शर गिऱ्यो, खत्रक्क भैँमा झऱ्यो।
सारा छक्क परे, पछिल्तिर सरे, खल्बल गहीरो पऱ्यो ॥

कस्को हो? किन हो? यहाँ कसरि यो आयो? कताबाट हो?

भन्दै इन्द्र अघीसरी बुझि लिँदा राम्नाम पो देख्नुभो !
चिट्ठी झट्ट फुकाइ ढोगि शिरले क्यै झस्किँदै खोल्नुभो,
सारा सिद्ध, महर्षि, देव–गणले सुन्ने गरी पढ्नुभो ॥

स्वस्ति श्री सुरराजका निकटमा मेरो नमस्कार छ,
झट्टै यो चिठिका कुरा गरि पुरा थाम्नोस आफ्नू यश।
दुर्वासा मुनि गर्छु पारन भनी मेरो यहाँ पाल्नुभो,
आगो धेनु, मणी विना बनियको खानेकुरा माग्नुभो ॥

जो देखेन मनुष्यले अझतलक त्यो फूल मागीकन
थोरै म्याद धरी मुहूर्त भरिको जानू भयो न्वाहुन।
पारीजात र कल्पवृक्ष यि दुवै झट्टै पठाईदिनोस्,
मेरो खूब छ सम्झना डर नली आनन्द ली बस्नुहोस् ॥

कस्तो के चिठिमा कुरा छ ? भनि ती सारा थिए थर्हर,
त्यत्तीमात्र कुरा सुनेर अब ता सप्प्रो सबैको नुर।
मन्त्री साथ गुरु पुरोहित ऋषी द्यौता सबै ती मिली,
लागे आउन रामका शरणमा साथै दुवै रत्न ली ॥

लागे झर्न विमान देवगणका सीधै अयोध्यातिर,
छेले घाम र छोपिए सलहझैँ आकाशमा भर्भर।
ए क्या हो ! भनि झट् सगर्तिर नजर् फिर्के सबैका जब,
तारा भैँतिर पो झरे कि त भने जस्तो बुझिन्थ्यो तब ॥

आए इन्द्र भनेर लक्ष्मण विमानैमा चढी जानुभो।
गर्दै स्वागत त्यै सभा–भवनमै ल्याएर ओराल्नुभो।

राखे रत्न र रामका चरणमा ढोगे उता इन्द्रले,
आफ्नै आसनमा बसाउनुभयो प्रेम्ले यता रामले ॥

यै वेला मुनिले अह्राइन गयो चेला उता तीरमा,
जा बाबू! तँ छिटो चियाउन बुझ्नेस् गै राम–दर्बारमा।
के गर्छन् नृप छन् कहाँ र कसरी, चिन्ता छ वा हर्ष छ?
हाम्रो तज्बिज क्यै भएछ कि कतै पत्तै कि क्यै रैनछ!।

आज्ञा यो गुरुको सुनी दगुरियो यौटा बटू च्याउन,
देख्यो इन्द्र–सभासरी कचहरी दोटा बुटा द्यौगण।
चिन्ता द्वेष र डर् अहारिस नथे कम्ती वहाँ क्यै नथे,
शान्ति प्रेम उदारता जहिँ तहीँ आनन्दमै मग्नथे ॥

चेलाले सब हेरि फर्कि गुरुका साम्ने सबै भन्दियो,
त्यो सुन्दा मुनिको अपार मनमा आनन्द पैदा भयो।
स्नान–ध्यान–जप–क्रिया सकि मुनि चेलासमेत् फिर्नुभो,
बाटैमा लिन देवता सहित भै श्रीरामजी पुग्नुभो ॥

गर्दै स्वागत जानकी–महलमा सत्कारले लानुभो,
सीताजी सहितै भएर मुनिको पूजा बडो गर्नुभो ॥
पारीजात पुजेर फूल बटुली सीताजीले अर्पण,
गर्नूभो मुनिले र बोलि शिवको गर्नुभयो पुजन ॥

पूजा गर्नुभयो र देवगणको श्रीरामजीले यता,
भान्साको तरखर् छिटो गर मनी आज्ञादिनुभो उता।
सीताले गहना र दिव्य कपडा पैऱ्हेर फुर्ती गरिन्,

पूजिन् कल्पतरु र झट्ट सुनका भाँडा कटौरा धरिन् ॥

लागिन् प्रार्थना गर्न हे सुरतरो ! हे देवताका धन !
दुर्वासा मुनिको र शिष्य सबको भर्नोस ऐले मन !
यत्ती भन्नु थियो कि भर्र ति सबै भाँडा भरीए यता ।
चाँदीका पिरका र थाल सुनका राखे कचौरा उता ॥

ल्याईए सब देवता मुनिहरु लागेर लस्कर बसे,
छोरा आठ र तीन बुहारीहरुले ओसार्न कम्मर कसे ।
सीताजी पनि फुर्तिले कुदि–कुदी लाग्नूभयो पस्कन,
ऊर्मीला श्रुतकीर्ति माण्डवि पनी थाले सबै पस्कन ॥

थाले थप्न उता बुहारिहरु ती सोऱ्हैवटी फूर्तिला,
कञ्जाक्षी, कमला, कलापति, चला, कञ्जानना चञ्चला ।
चम्पीका सुमती र मालति कुमुद्वन्ती अनी कालिका,
कञ्जांघ्री चपला र चन्द्रवदना चन्द्रानना नामका ॥

हज्जारौँ ति सखीहरु चटनि ली थप्तै दगुर्थे उता,
दासीहेरु घडा लिएर सुनका सर्बत् वसार्थे यता ।
लाखौँ मानिसको भतेर छ ठुलो, खाने मुनी देवता,
बाँड्ने राम–सिता तिनै जगतका दाता र माता–पिता ॥

दुर्वासा ऋषिका अघिल्तिर रही नौला अनौठा मिठा,
स्वादीला नुनिला पिरा र अमिला तीता र जात्–जातका ।
साम्ने ल्याई गुरो ! लिनोस् यति भनी श्रीरामजी प्रार्थना,
गर्दै नम्र हुँदै थपीथपि उता लाग्नुभयो ख्वाउन ॥

हज्जार वर्ष भरी नखाई रहँदा भोका परेका बरा,
नौलो मन्परि पैलि खान मिलदा आनन्द पाए पुरा।
खाए ढुक्क परी हतार नगरी तन् मन् टनाटन् भरे,
फेरि वर्ष हजार् गरौँ व्रत भने आँट्लान् भनेभैँ परे ॥

पूरा भोजन भैसकेपछि उठे क्वै दासि–द्वारा चुठे,
द्यौता, सिद्ध, महर्षि, मानिस, मुनि एकत्र सारा जुटे,
आफै रामजीले अपूर्व रसको ताम्बूल दीबक्सियो,
इच्छा माफिक दक्षिणा दिनुभयो सत्कार पूरा भयो ॥

सारा मानिस देवता मुनि बसे श्रीरामदर्बारमा,
इन्द्राणी–पति जानकी–पति दुवै बर्स्नूभयो माझमा।
सीताजी बहिनी बुहारी सँग ली भित्री तरफ बस्नुभो,
दुर्वासा स्तुति गर्न राम–विभुको गद्गद् हुँदै लाग्नुभो ॥

***

अये सीतानाथ! त्रिभुवन विधाता! रघुपते,
अये सर्वज्ञाता! सुमति गति दाता! नरपते।
तपाईं हौ नारायण जगतका कारण पिता,
प्रभुकै यो साक्षात् सकल जग हो खेल रमिता ॥

कुबाटामा जाला जगत डुबिजाला भनि विभो,
सुबाटामा लाने गति मति दिने वेद दिनुभो।

सहारा वेदैको गरि सब अरु शास्त्र बनिए,
यिनैका सेवाले जगत उजियाला पनि भए ॥

छुचाका ढाँचाले जब–जब जगत् यो थिचिन गो,
अनेकौँ योनीमा तब–तब हरे ! जन्म लिनुभो ।
अघी यौटा शंखासुर खल उठी वेद–जलमा,
डुबायो त्यै बेला हजुर हुनुभो मत्स्य–कुलमा ॥

पछी फेरी द्यौता असुरहरुले सागर मथे,
मदानी थ्यो मन्द्राचल डुबिगयो दिक्क सब थे,
बिचारा ती सारा सुर असुर सान्है बिच परी ।
मदत् माग्थे हर्दम् शरण हजुरैका परिपरी ॥

हजुर्ले त्यो बेला जनम कछुवाको लिनुभयो,
मदानीको आधार् बनिकन त थामीदिनु भयो ।
मदानी थाम्नाले मन सफल भो देव–गणको,
वहाँ भो उत्पत्ति कति किसिमका रत्नहरुको ॥

॥ चौध रत्न ॥

मणी, लक्ष्मी, ऐरावत, अमृत, घोडा, अपसरा,
अलक्ष्मी श्रीधन्वन्तरि विष शशी धेनु मदिरा ।
यही पारीजात प्रियतम यही कल्पतरु भो,
यिनै चौधैवोटा जलनिधिजिले रत्न दिनुभो ॥

हजुर्कै हो साँचै यदि भनुँ त ऐश्वर्य सब यो,

दयाले त्यै वेला सुर असुरमा बाँडिदिनुभो।
उँभो ब्रह्मादेखि तल भुसुनु वा झार तकको,
अघी नै ज्यू पाल्ने तजबिज गरी राखिदिनुभो ॥

नजर्ले देख्तैमा, जगत चकनाचूर बनिने,
हजूर्को त्यो सामर्थ्य छ तर यहाँ को चिनने ?
म ता त्यो जान्दै छू तर अरु पनी जानुन भनी,
छिचोल्याई थापेँ निठुर निहुँ खोजा पनि बनी ॥

पियारी सीताका सँग बसि मजाले पलँगमा,
रसीला हाँसीला गरि गरि कुरा एक रँगमा।
रँगेका बेलामा छरपट ऊधुम् जो गरिदिएँ,
प्रभो ! पाऊँ माफी कसुर बिसुरैमा गरिलिएँ ॥

दुर्वासा ऋषिले यसै किसिमका नाना स्तुती गर्नुभो,
बीदा मागि निजा कुटीतिर सबै चेला लिई पाल्नूभो ॥
श्रीसीतापति देवतासित यता बात् मार्न लाग्नूभयो,
द्यौताहेरु बिदा हुँदा रुख दुवै जिम्मा गरी दीनुभो ॥

भन्नूहुन्छ गुरु बृहस्पति उठी हे राम ! भैँमा छँदा,
साथै रत्न रहुन् मिलुन् पछि उता वैकुण्ठयात्रा हुँदा।
बिन्ती यो सुनि धन्यवाद दिनुभो पुष्पक् विमान्मा लगी,
राख्नूभो मणि धेनुकै सँग दुवै अन्मोलका रत्न ती ॥

राजा इन्द्र र देवता पनि बिदा भै जानुभो स्वर्गमा,

पारीजात र कल्पवृक्ष यति भै आए यसै लोकमा।
जो यो पिप्पल हो उ कल्पतरुको सन्तान हो सम्झनु,
पारीजात पनि छँदै छ अहिले हर्दम् दुवै पूजनू ॥

पिप्पलको अनि पारिजात रुखको जो गर्दछन् पूजन,
चीताए जतिको कुरा मिलि सुखी होला उनीको मन।
त्रेता द्वापर सत्य तीन युगमा पूजा पुरा गर्दछन्,
गर्दैनन् कलिमा र भक्ति, बिचमा दारिद्र्यमा पर्दछन् ॥

कही राम कथा अपार यो, शिवजीको मन राममै रह्यो
गिरिजा पनि यो सुनी कथा, मननै गर्न भनी बसिन् यता ॥

'जगन्नाथ' सीतापतीको चरित्र,
सधैँ गर्दछन् पाठ जो भै पवित्र।
जगत्माता ती नामी धनीमानि बन्लान्,
पछी फेरि संसारका पारि तर्लान् ॥

मातृ वियोग

हा राम! राम! जननीकन के भयो नि!
        आजै सवारि परलोक हुनुभयो नि ॥
हा दैव! के कसुर भो र दया नराखी,
        यत्रो प्रहार गरिबक्सनुभो म–माथि ॥

माता बिना जगत यो अब शन्यू भैगो,
        संसारको सकल सार उठेर गैगो।
हा धर्मराज! किन नी यसरी रुवायौ?
        केले अपार दुख–सागरमा बुडायौ?।

यस्तो कु वर्ष, महीना, क्षण, वार बेला,
        आएर वज्र शिर–माथि खसालि देला।
भन्ने कुभाव मनमा कहिल्यै थिएन,
        आखीर यो बखत वज्र कसै टरेन ॥

हा धर्मराज! पृथिवि–तलमा तिमीले,
        दीयौन धर्मकन थामिन के इबीले?
नारी सती सरल सात्विक–"धर्मशीला"
        निश्चे पछी कसरि थामिनु पुण्य लीला?

॥ अन्त्यमा कालको याद राखेर गर्नुपर्ने कर्तव्य ॥

ए बाबु छट्पटि र दाह शरीरलाई,
बढ्दो छ, छैन अब शान्ति रती मलाई।
गीता र भागवत वेदहरु पढाऊ,
भन्ने ति वाणि अब सुन्न कहाँ म पाऊँ।

"ए बाबू! लौ न तुलसी–मठ लिप्न लाऊ,
सरर्स्यूं छरी कुश र वस्त्र ऊनी बिछाऊ।
श्रीविष्णु–लक्ष्मी–प्रतिमा उहिँ राख्न लाऊ''
भन्ने ति वाणि अब सुन्न कहाँ म पाऊँ ॥

"ए बाबू! गंगा जलले विधिले नुहाऊ,
रुद्राक्ष, गोपि–हरि चन्दन भस्म लाऊ।
पूजा गरौँ प्रभुजिको चरणोद ख्वाऊ"
भन्ने ति वाणि अब सुन्न कहाँ म पाऊँ ॥

"हा कृष्ण! राम! यम! हे शिव! सूर्य! शेष!
नारायण, प्रभु, रमे गिरिजे, गणेश।
हर्दम् यी धन्य जगदीश्वर नाम गाऊँ।"
भन्ने ति वाणि अब सुन्न कहाँ म पाऊँ ॥

यत्ती रहेछ अब बाँच्नु, पुगेछ आयु,
खोज्दै छ निस्कन हरे, शिव, प्राण–वायु।
आखीर दानहरुका सरदाम् गराऊ,
भन्ने ति वाणि अब सुन्न कहाँ म पाऊँ ॥

॥ अष्टमहादान ॥

कार्पास, गौ, तिल, फलाम र सप्तधान्य
जग्गा, सुवर्ण, नुन यी यति अष्ट दान ॥
गर्ने यही बखत हो विधिले गराए
भन्ने ति वाणि अब सुन्न कहाँ म पाऊँ ॥

॥ फलाम र सप्तधान्यका सामग्री ॥

छाता, छडी, खुकुरी, मुस्लि, कुठार, काँस,
जौ, धान, कागुन, गहूँ, मूँग, फेरि मास।
यी चीज ठिक्क गर, पानि छिटै समाऊ,
भन्ने ति वाणि अब सुन्न कहाँ म पाऊँ ॥

॥ पञ्च धेनु ॥

पापान्तु–धेनु ऋणधेनु र शुद्धिधेनु
उत्क्रान्ति वैतरणि, यी यति पञ्चधेनु।
राम्रो विधानसित दान छिटै गराऊ
भन्ने ति वाणि अब सुन्न कहाँ म पाऊँ ॥

॥ दशदान सामग्री ॥

ए बाबु! धेनु, पृथ्वी, तिल, सून घीऊ,
चाँदी र धान, कपडा, गुड, नून लेऊ।
यै स्थानमा यि दश दान पनी गराऊ।
भन्ने ति वाणि अब सुन्न कहाँ म पाऊँ ॥

॥ दाहमा चाहिने सामग्री ॥

श्रीखण्ड पिप्पल, शमी, तुलसी, पलाश,
कर्पूर, वस्त्र, तिल, चामल, दर्भ, काँश।
घीऊ समेत सँग ली अब घाट जाऊ!
भन्ने ति वाणि अब सुन्न कहाँ म पाऊँ?

॥ घाटमा कर्तव्य ॥

ए बाबु! आइपुगियो मणिकर्णिकामा।
झट्टै नुहाऊ अब फेरि यसै थलामा ॥
लङ्गौटि चन्दन शरीरभरी लगाऊ
भन्ने ति वाणि अब सुन्न कहा म पाऊँ?

ए बाबु! विष्णुपद नेर मलाई सार।
गङ्गा र तीर्थ तुलसी–दल ठिक्क पार ॥
गौको दही दूध सुवर्ण तयार गराऊ।
भन्ने ति वाणि अब सुन्न कहाँ म पाऊँ ॥

॥ अन्तिम आशीष ॥

कर्तव्य गर्नु मनबाट नभै उदास।
विस्मात् नमान्नु नघटोस् मतिको प्रकाश।
विद्या र भक्ति तपले लमियोस आयु
भन्ने ति वाणि अब सुन्न कहाँ म पाऊँ ॥

लागे उचालिन उँभोतिर हाय प्राण!
बीदा दिइन् पृथिविले शिवलोक जान ॥
हे बाबु हो! बस, म जान्छु बिदा म पाऊँ।
भन्ने ति वाणि अब सुन्न कहाँ म पाऊँ?

॥ अन्त्यमा हरिनाम लिनु ॥

हा राम! हा शिव! हरे गिरिजे! रमेश!
हा कालभैरव! गिरीश! विधे! गणेश।
पाऊँ क्षमा चरण–नेर पिछा म पाऊँ
भन्ने ति वाणि अब सुन्न कहाँ म पाऊँ?

वाणी र सास अनि होश तिनै पदार्थ।
अल्पे अघी पछि नभै सब एकसाथ।
योगी सरी यसरी देह तजेर आमा!
पाल्नूभयो कुन दिशातिर कुन् थलामा?

॥ कालको निर्दयता र भयङ्करता ॥

हे काल! पत्थर सरी कपटी कठोर।
तिम्रो रहेछ मन निर्दय चैन–चोर।
तिम्रै फराक भुँडिमा यि थरी–थरीका।
प्राणीहरु परिसके जगतै भरीका ॥

हे काल! लौन नि मलाई पनि लिजाऊ।
आमा सँगै रहन देउ! दया जनाऊ ॥
तिम्रो अहार थपिनेछ भलै हुनेछ।
मेरो पनी विरहको दुःख मेटिनेछ ॥

हा राम! जन्म किन मानिसको भएछ,
यो ता कठोर दुःख सागर पो रहेछ।
प्राणान्त सङ्कट परे पनि बाँच्नुपर्ने,

बाचौँ भनी कति गरे पनि मर्नुपर्ने ?

हे काल ! ठान्छु तिमी हौ जननी बिनाका,
जान्दैन दुःख तिमी मातृवियोग् हुँदाका ।
गर्थ्यौ म–माथि नभए किन यो प्रहार !
आत्मा परात्म दुःखको नगरी विचार ॥

॥ काँधी काठको फल ॥

बोकेर काँध पिठ काखि र काख–माथि,
जो हामीलाई दिनुभो सुख भाँति–भाँति ।
तेस्को दियौँ कु–बदला गरि काँधि–काठ,
ल्यायौँ कठोर बनिँदै नि मशानघाट ?

॥ दाह दागबत्ती ॥

मात्रा कखादि सब अक्षर ती चिन्हाई,
हर्दम् पुराण उपदेश कथा सुनाई ।
जस्ले मनुष्य सरि पारिदिए मलाई,
झोसौँ कसोरि म उनै मुख–पद्मलाई ॥

॥ कृतज्ञता प्रकाश ॥

जो देह यो हजुरको अघि हामीलाई,
हुर्काउँदा बुढिन गो अति दुःख पाई ।
त्यो देहलाई कुन यो बदला दिँदै छौँ,
आगो लगाई किन हाय ! डढाउँदै छौँ ? ।

विद्यार्थी साधु दुखिया कुलदेव विप्र,

आशामुखी अतिथि सज्जन इष्ट मित्र।
सम्पूर्णका यि उपकारक दानि हात,
पारीदियौँ नि अब आज डढाइ खाक।

॥ आखिरी सँगमा जान कसैले सक्दैन ॥

बैनी, भदा, भतिज, भाइ, बुहारि, छोरा,
छोरी, जुवाइँ, कुल, नातिनि नाति मेरा।
भन्दै जनम् सब गुमाइ यसै थलामा,
एक्लै कता कसरि जानुभयो नि आमा।

॥ साथमा के जाँदो रहेछ र ? ॥

मेरा यि खेत, घरवारि, पशू, भँडार,
चाँदी, सुवर्ण, गहना, कपडा अपार।
भन्दै सम्हालि, सब छोडि यसै थलामा,
रित्तै कतातिर भयो नि सवारि आमा!

॥ छोरा–छोरीका लागि सर्वदान ॥

विज्ञान, भक्ति, धन, धर्म, शरीर, चित्त,
जस्का निमित्त सब अर्पनुभो सिनित्त।
ती हामी आज यहिँ छौँ अघिकै थलामा,
एक्लै कहाँ रहनुहुन्छ कसोरि आमा!

॥ चितामा घ्यू तिल होम्दा र चिता पखाल्दा ॥

ल्याएर दूध घिउ दिन्दिन तीन साँझ,
पोस्नूभयो जुन मलाई, उही म आज।
बल्दो शरीर–बिच झन् घिउ थप्दिँदै छु,

पारी खरानि जल पोखि बगाउँदै छु ॥

॥ अञ्जलि दिंदा ॥

बाबु ! नजाउ जलतर्फ ! डुबिन्छ भन्दै,
हुन्थ्यो फिराउनु उचालि पियार गर्दै ।
उस्को म आज बदला कुन यो दिँदै छु,
बीदा जलैतिर तिलाञ्जलिले दिँदै छु ॥

॥ सर्वदा सामग्री ॥

हा राम ! राम ! कुन यो दिन आज आयो,
माताजिको चिन्हु पनी अब ता हरायो ।
पाऊँ म दर्शन कहाँ अब फेरि माता,
बायाँ पऱ्यो किन यसोरि ममा ! विधाता !

॥ अब जगतमा माता छैनन् ॥

आँखा घुमाउँछु वरीपरि फर्कि फर्कि,
देख्छु कतै कि जननी ! भनी पर्खि पर्खि !
पर्छन् उती नजर, ती सब छन् बिराना,
पाउन्न किन्तु कहिँ देख्न नि आफ्नी आमा ॥

॥ काशीवाशको फल ॥

अर्को जन्म यहि हुँदो यदि भैदिए ता,
देख्ने थियौँ कि नचिन्हे पनि कोहि दिन् ता ।
त्यो बातको पनि हरे ! टुटियो नि आशा,
यी काशिले हरिसकिन् भव–जन्म–पाशा ॥

॥ पूर्ण निराशा ॥

मुक्ति मिलिन् अब परम्पद पुग्नु भैगो,
आशा अरु जनमको पनि छिन्न भैगो।
क्यै रुपले पनि कतै पनि देख्न आमा !
पाइन्न नि हजुरलाई कुनै थलामा ॥

॥ श्मशान–घाटबाट घर फिर्दा ॥

बाबू ! अबेर किन भो अब झट्ट, आऊ,
ओबानु पैह्र कपडा ! यति झट्ट खाऊ !
भन्ने दयालु जननी वनमा तजेर,
जाऊँ म शून्य घरमा कसरी फिरेर ॥

॥ घरको शृङ्गारै गयो ॥

विद्यार्थी पण्डित पुरोहित देव विप्र,
नाता सबै तरहका अरु इष्ट मित्र !
यिन्को सदा टहल एक हजूरबाट,
हुन्थ्यो हुनेछ अब हाय ! घरै उराठ !

॥ मातृस्नेह अब कहाँ पाउनु ॥

खायौन बाबु ! किन आज रुचेन अन्न !
देखिन्छ बाबु किन आज मुहार खिन्न,
जान्छौ कता ? घर फिरे, नगरे विलम्ब,
भन्ने मलाई अब कोहि रहेन अम्ब ॥

॥ सच्चा प्रेम ॥

निद्रा न भोक न तृषा न झरी न लेठा,

जाडो न गर्मी न दखल् न कठोर वेथा।
झर्को नमानिकन प्राण–पूर्णै लगाई,
गर्ने भलो अब रहेन कुनै मलाई ॥

॥ निःस्वार्थ हितैषिता ॥

जाडो छ बाबु यति वस्त्र अझै लगाऊ!
नौलो मीठो छ रसिलो अझ यत्ति खाऊ।
बाहिर नगै नभयता पनि झट्ट आए।
भन्ने ति मेरि जननी विधिले टुटाए ॥

॥ मातृ स्वभाव ॥

नौलो मीठो सरस चीज नदी मलाई,
रुच्तैनथ्यो नि अझसम्म हजुरलाई।
वैकुण्ठको अमृतको रस खानलाई
डाक्नु भएन किन अम्ब! अझै मलाई।

***

माता समान हितचिन्तक कोहि छैन,
निःस्वार्थ प्रेम अरुबाट कसै हुँदैन।
उस्ती ति हाम्रि जननी अब जानुभो नि,
जन्मै भरी अब हरे! टुहुरा भयौँ नि ॥

***

पाइन्छ रत्न मणि, मोति सुवर्ण, हीरा
पाइन्छ भूमि रथ, हात्ति, विमान सारा।
पाइन्छ इन्द्र–पद, सम्पद, सौख्य, चैन,
माता सरी तर कतै हित पाइँदैन ॥

***

माता समान अरु तीर्थ कुनै हुँदैनन्।
द्यौता पनी जननी–तुल्य बडा हुँदैनन्।
माता छँदा घर तपोवन तुल्य हुन्छ,
माता बिना परम शून्य उराठ हुन्छ ॥

***

कस्तै ढुँढोस पृथिवीभरि छानि छानी,
सेवा गरोस दश इन्द्रिय थामि थामी,
प्राणै समर्पण गरे पनि हाय! हाय!
माता सरी अरु हुँदैन कुनै सहाय ॥

***

पैदा गरी सकल जन्मभरी समाली,
क्यै दुःख पर्न नदिईकन पालि ताली।
हर्दम् सुखैसुख दिलाउनमा तयार,
माता बितेपछि यहाँ अब के छ सार ॥

***

माता पिता पनि छुटे जब जन्म–दाता,
गर्ला उपाय सुखको अब के विधाता?
संसार भित्र अब लुब्ध भएर के छ?
आजै मलाई विधिबाट बिदा मिलेछ ॥

***

सृष्टि हुँदा प्रथम वृद्ध बराजुबाट,
जो जो भए जिजु बराजु बजू अटूट।
सारा यसै गरि डढेछन हाय! हाय!
केही चलेनछ नि जोगिनको उपाय ॥

***

यस्ता यि चार युग 'चौकडि–चक्र' आज
अट्ठाइसौँ घुमिसके उस सृष्टिबाट।
कोटीन्न–कोटि जति बाबु बराजु सारा,
त्यै कालले गरिसकेछ हरे। अहारा ॥
***
हे बन्धु हो! विनति गर्छु म बार बार,
माता पिता चरणको गर है सह्यार।
ज्यूँदा छँदा उति सखे! गरिँदैन याद,
होला छुटेपछि पछी पछितो विषाद ॥

टाकटुकानुभवी—
जगन्नाथ गुरागाञीं

॥ इति शुभम् भूयात् ॥

॥ पापबाट जोगिने मन्त्र ॥
कृष्ण! त्वदीय पद–पङ्कज–पञ्जरान्ते,
अद्यैव मे विशतु मानस–राजहंसः
प्राण प्रयाण समये कफ–वात–पित्तैः,
कण्ठावरोधन–विधौ स्मरणं कुतस्ते ॥

॥ सुत्ता भन्ने मन्त्र ॥
जले रक्षतु वाराहः स्थले रक्षतु वामनः।

अटव्यां नारसिंहश्च सर्वतः पातु केशवः ॥
जले रक्षतु नन्दीशः स्थले रक्षतु भैरवः ।
अटव्यां वीरभद्रश्च सर्वतः पातु शङ्कर ॥
अर्जुन फाल्गुनो जिष्णुः किरीटी श्वेतवाहनः ।
वीभत्सुर्विजयः कृष्णः सव्यसाची धनञ्जय ॥

॥ चोर नलाग्ने मन्त्र ॥

तिस्रो भार्याः कफल्लस्य मोहिनी, दाहिनी सतीः ।
तासां स्मरण मात्रेण चौरो गच्छति निष्फलः ॥

॥ सर्पले नडस्ने मन्त्र ॥

नर्मदायै नमः प्रातर्नर्मदायै नमो निशि ।
नोऽस्तु नर्मदे तुभ्यं त्राहि मां विष सर्पतः ॥

***

अष्टोत्तरशतः नामावलिः

(यो स्तोत्र सधैँ पाठ गर्नाले नरकको दुःख भोग्नुपर्दैन)

गोविन्द माधव मुकुन्द हरे मुरारे।
　　शम्भो शिवेश शशिशेखर शूलपाणे।
दामोदराच्युत जनार्दन वासुदेव।
　　त्याज्या भटाय इति सन्ततमामनन्ति ध्रु॥
गङ्गाधरान्धकरिपो हर नीलकण्ठ।
　　वैकुण्ठ कैटभरिपो कमठाब्जपाणे।
भूतेश खण्डपरशो मृड चण्डिकेश, (त्याज्या)
　　विष्णो नृसिंह मधुसूदन चक्रपाणे।
गौरी गिरीश शङ्कर चन्द्रचूड।
　　नारायण सुर निवर्हण शार्ङ्गपाणे, (त्याज्या)
मृत्युञ्जयोग्रविषमेक्षण कामशत्रो।
　　श्रीकान्त पीतवसनाम्बुजनील शौरे।
ईशान कृत्तिवसन त्रिदशैकनाथ, (त्याज्या)
　　लक्ष्मीपते मधुरिपो पुरुषोत्तमाद्य।
श्रीकण्ठ दिग्वसन शान्त पिनाकपाणे।
　　आनन्द कन्द धरणीधर पद्मनाभ, (त्याज्या)
सर्वेश्वर त्रिपुरसूदन देवदेव।

ब्रह्मण्यदेव गरुड्ध्वजः शङ्खपाणे।
त्र्यक्षोरगाभरण बालमृगांकमौले, (त्याज्या)

श्रीराम राघव रामेश्वर रावणारे।
भूतेश मन्मथरिपो प्रमथाधिनाथ।
चाणुरमर्दन हृषीकपते मुरारे, (त्याज्या)
शूलिन् गिरीश रजनीश कलावतंस।
कंशप्रणाशन सनातन केशिनाश।
भर्ग त्रिनेत्र भवभूतपरे मुरारे, (त्याज्या)
गोपीपते यदुपते वसुदेवसूनो।
कर्पूरगौर वृषभध्वजः भालनेत्र।
गोवर्द्धनोधरण धर्मधुरीण गोप, (त्याज्या)
स्थाणो त्रिलोचन पिनाकधर स्मरारे।
कृष्णानिरुद्ध कमलाकर कल्मषारे।
विश्वेश्वर त्रिपथगार्द्र जटाकलाप, (त्याज्या)
अष्टोत्तराधिकशतेन सुचारु नाम्नां।
सन्दर्भितां ललितरत्न कदम्बकेन।
सन्नामां दृढगुणां द्विज कण्ठगां यः,
कुर्यादिमां स्रजमहो! स यमं न पश्येत्॥
इत्थं द्विजेन्द्र! निजभृत्यगणान्सदेव,
शशिक्षयेदवनिगान् स हि धर्मराजः
अन्यऽपि ये हरहराङ्कन्धरा धरायाम्,
ते दूरतः पुनरहो! परिवर्जनीया॥